महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## रेसुङ्गा नगरपालिका

गुल्मी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## रेसुङ्गा नगरपालिका

## गुल्मी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ७८ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
रेसुङ्गा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
गुल्मी ।

**कैफियत सहितको राय**

हामीले रेसुङ्गा नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.३ करोड ८५ लाख ४६ हजार बेरुजू देखिएको छ । सोमध्ये प्रतिक्रियाबाट रु.६ लाख ३७ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रु.१० लाख ७२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.६३ लाख ८७ हजार र नियमित गर्नुपर्ने रु.३ करोड ४ लाख ५० हजार रहेको छ । पालिकाको गत वर्ष सम्म रु.२ करोड ८० लाख ५८ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फस्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.६ करोड ५९ लाख ६७ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

रेसुङ्गा नगरपालिका, गुल्मी

# १. चालु वर्षको बेरुजू २०७८।७९

## १.१. बेरुजू वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ९४ | ११६ | ३८५४६ | ० | २९ | ६३७ | ९४ | ८७ | ३७९०९ | १०७२ | ३०४५० | ६३८७ | ० | ० | ३६८३७ | ० |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्वीकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ५९ | रेसुङ्गा बाखा पालन | ९१४०।- |
| २ | १०९.२ | रेसुङ्गा सिद्धवावालाई अनुदान | २७२५०।- |
| ३ | १०१ | भरपाई बेगर खर्च | ४६७५।- |
| ४ | ९९ | नर्म्सभन्दा बढी खर्च | ३५०००।- |
| ५ | ६७ | वडा कार्यालयबाट खरिद जिन्सी आम्दानी बाँधेको | ४८२३००।- |
| ६ | ४९ | पारिश्रमिक कर कट्टी | ७८५०८।- |
| | | **जम्मा** | **६३६८७३।-** |

# २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| रेसुङ्गा नगरपालिका, गुल्मी | २८०५८ | ० | ० | २८०५८ | ० | ३७९०९ | ६५९६७ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : रेसुङ्गा नगरपालिका, गुल्मी , रेसुंगा नगरपालिका , गुल्मी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | हरि प्रसाद अर्याल | २०७९-५-१३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | विन्दु पन्थी | २०७९-५-३१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३७,९०९,२८७.५५ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १०,२६,८४,६९६.५ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४२,७८,३५,७६० | **चालु खर्च** | ३९,०२,२२,१७३ |
| **प्रदेश सरकारबाट अनुदान** | ४,५८,१६,००० | **पूँजीगत खर्च** | २१,५१,८८,८०६ |
| **राजश्व बाँडफाँट** | ९,८५,७०,००६.५ | **वित्तीय/अन्य व्यवस्था** | १७,१४,८३,९९९.३१ |
| **आन्तरिक आय** | १,४५,०३,४१५.२ | | |
| **अन्य आय** | १५,०६,०३,४९८.१ | | |
| **कुल आय** | ७३,७३,२८,६७९.८ | **कुल खर्च** | ७७,६८,९४,९७८.३१ |
| **बाँकी मौज्दात** | | ६,३१,१८,३९८.४९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस रूरू गाउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु रूरू गाउपालिकाको उद्देश्य रहेको छ । यस रेसुङ्गा नगरपालिका अन्तर्गत १४ वडा७५सभा सदस्य, ८३.७४ वर्ग किलोमिटर क्षेत्रफल तथा ३२ हजार ५४८ जनसंख्या रहेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २ | | | **लेखापरीक्षण विधि -** लेखापरीक्षणमा पेश भएको स्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७९।०५।.०९मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् | |
| ३ | | | **वित्तीय अवस्था-** | |

| भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | १,०२,२२,८१,१२० | ८७,३६,०३,२८०.६६ | | ८७,३६,०३,२८०.६६ | ८६,०२,८८,९४०.५९ | | ८६,०२,८८,९४०.५९ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ६५,२६,९६,००० | ५८,५५,८७,८५७.९५ | ० | ५८,५५,८७,८५७.९५ | ५७,२३,३८,५१६.९८ | ० | ५७,२३,३८,५१६.९८ |
| ११००० कर | ११ | १०,३९,७४,००० | १०,७५,७३,६६४.९५ | ० | १०,७५,७३,६६४.९५ | ९,६४,६३,०९५.४८ | ० | ९,६४,६३,०९५.४८ |
| १३००० अनुदान | | ५३,१६,२२,००० | ४७,४२,५१,७६० | ० | ४७,४२,५१,७६० | ४७,२१,८८,६४० | ० | ४७,२१,८८,६४० |
| संघीय सरकार | १२ | ४८,५८,०६,००० | ४२,७८,३५,७६० | ० | ४२,७८,३५,७६० | ४१,२३,८१,५४० | ० | ४१,२३,८१,५४० |
| प्रदेश सरकार | १२ | ४,५३,१६,००० | ४,५८,१६,००० | ० | ४,५८,१६,००० | ५,८०,३७,००० | ० | ५,८०,३७,००० |
| अन्तरिक श्रोत | | ५,००,००० | ६,००,००० | ० | ६,००,००० | १७,७०,१०० | ० | १७,७०,१०० |
| १४००० अन्य राजस्व | | १,७१,००,००० | ३७,६२,४३३ | ० | ३७,६२,४३३ | ३६,८६,७८१.५० | ० | ३६,८६,७८१.५० |
| ख. अन्य प्राप्ति | | ३६,९५,८५,१२० | २८,८०,१५,४२२.७१ | | २८,८०,१५,४२२.७१ | २८,७९,५०,४२३.६१ | | २८,७९,५०,४२३.६१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | १,१२,७९,१२० | १,३२,०९,९७८.०४ | ० | १,३२,०९,९७८.०४ | १,४१,५४,६९५ | ० | १,४१,५४,६९५ |
| धरौटी | | ० | ६०,३९,५२३ | ० | ६०,३९,५२३ | ५३,३०,५४२ | ० | ५३,३०,५४२ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ३५,८३,०६,००० | २६,८७,६५,९२१.६७ | ० | २६,८७,६५,९२१.६७ | २६,८४,६५,१८६.६१ | ० | २६,८४,६५,१८६.६१ |
| भुक्तानी (ग+घ) | | १,११,७१,९५,६६२ | ८९,०६,३१,३४४.७५ | | ८९,०६,३१,३४४.७५ | ८०,८३,०४,२९४.६१ | | ८०,८३,०४,२९४.६१ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ७४,७६,१०,५४२ | ६०,५४,१०,९७८.९८ | | ६०,५४,१०,९७८.९८ | ५२,८७,५७,८३९.०४ | | ५२,८७,५७,८३९.०४ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २५,८२,२८,००० | २३,११,३१,११९.६८ | ० | २३,११,३१,११९.६८ | १९,८५,९०,६९७.२१ | ० | १९,८५,९०,६९७.२१ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १३,८५,३३,००० | ११,३०,४९,५९४.२८ | ० | ११,३०,४९,५९४.२८ | ९,०६,६३,०८५.२७ | ० | ९,०६,६३,०८५.२७ |
| २५००० सहायता (Subsidy) | १८ | ८३,१०,००० | ८०,४०,९०२ | ० | ८०,४०,९०२ | ५,२०,१०,२७०.९१ | ० | ५,२०,१०,२७०.९१ |
| २७००० सामाजिक सुरक्षा | १८ | ५६,२८,००० | ५४,६३,१६५ | ० | ५४,६३,१६५ | ९१,३२,६०८ | ० | ९१,३२,६०८ |
| २८००० अन्य खर्च | १८ | ३,३२,५६,०४२ | ३,२५,३७,३९२ | ० | ३,२५,३७,३९२ | १५,६१,००० | ० | १५,६१,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३०,३६,५५,५०० | २१,५१,८८,८०६.०२ | ० | २१,५१,८८,८०६.०२ | १७,६८,००,१७७.६५ | ० | १७,६८,००,१७७.६५ |
| घ. अन्य भूक्तानी | | ३६,९५,८५,१२० | २८,५२,२०,३६५.७७ | | २८,५२,२०,३६५.७७ | ८०,८३,०४,२९४.६१ | | ८०,८३,०४,२९४.६१ |
| कोषहरु | | १,१२,७९,१२० | ९८,९६,९३१.१० | ० | ९८,९६,९३१.१० | ९९,३२,८११.९६ | ० | ९९,३२,८११.९६ |
| धरौटी | | ० | ६५,५७,५१३ | ० | ६५,५७,५१३ | ११,४८,४५७ | ० | ११,४८,४५७ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ३५,८३,०६,००० | २६,८७,६५,९२१.६७ | ० | २६,८७,६५,९२१.६७ | २६,८४,६५,१८६.६१ | ० | २६,८४,६५,१८६.६१ |
| ङ. यो वर्षको बचत (न्युन) | | (९,४९,१४,५४२) | (१,७०,२८,०६४.०९) | | (१,७०,२८,०६४.०९) | ५,१९,८४,६४५.९८ | | ५,१९,८४,६४५.९८ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ९,५३,७७,४१५ | | ९,५३,७७,४१५ | ३,५२,७४,६५३.७७ | | ३,५२,७४,६५३.७७ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (९,४९,१४,५४२) | ७,८३,४९,३५०.९१ | | ७,८३,४९,३५०.९१ | ८,७२,५९,२९९.७५ | | ८,७२,५९,२९९.७५ |

स्थानीय संञ्चित कोषः स्थानीय सञ्चित कोष सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः
स्थानीय तहको एकीकृत वित्तीय विवरणले सो पालिका भित्र सम्पूर्ण आय र व्ययको यथार्थ चित्रण गर्ने गरी कोष तथा लेखा नियन्त्रक कार्यालयबाट GAS मार्फत हुने निकासा लगायतका सम्पूर्ण आय व्यय समावेश नगरेको देहाय अनुसार सुत्र र एकीकृत विवरणमा फरक परेको छ ।

| **विवरण** | **म.ले.प.फा.नं. २७२** | **एकीकृत आय व्यय विवरण** | **फरक** |
|---|---|---|---|
| गत वर्षको अल्या | ९,५३,७७,४१५ | १०२६८४६९६.५ | ७३०७२८१.५ |
| यस वर्षको आम्दानी | ८७,३६,०३,२८०.६६ | ७३७३२८६८०.३ | ९६७०८३०२.३५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>यस वर्षको खर्च रकम</td><td>८९,०६,३१,३४४.७५</td><td>७७६८९४९७८.३१</td><td>११३७३६३६६.४४</td></tr><tr><td>बाँकी मौज्दात</td><td>७,८३,४९,३५०.९१</td><td>६३११८३९८.४९</td><td>१५२३०९५९.४२</td></tr></table>लेखा प्रणाली सुत्रबाट सृजना भएको म.ले.प.फा.नं. २७२ ले पालिकाको यथार्थ आय व्ययको प्रतिनिधित्व गरेको देखिएन । सबै आय व्ययलाई सुत्रको माध्यमबाट एकीकृत गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>लेखापरीक्षमा असुली- लेखापरीक्षणको क्रममा समाजिक सुरक्षा बापतको लगत कट्टा र फिर्ता गर्न बाँकी रु २१८८३४३।- असुल गरी संचित कोषमा दाखिला भएको छ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन,अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र बैंक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा बैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता,भ्रमण भत्ता,तालिम,गोष्ठीतर्फ बढी केन्द्रीत भई कार्यक्रमहरू वितणमुखी रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईएन।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको पाइयो ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। यस्तो गर्दा ठेक्का व्यवस्थापनमा कमी कमजोरी भएमा तरुन्त पत्ता लगाउन र सुधार गर्न कठिन देखिन्छ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। •<br>वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारी ६१ जनाको दरबन्दी रहेकोमा २६ दरबन्दी रिक्त रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । साथै क्षतिपूर्ति सहितको नागरिक बडापत्र राखेको देखिएन।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गर्नपर्नेमा सो गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९को दफा ७ख २वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु.२,४४,०२,८१३ तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन नगर पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता खर्च गर्नु पर्दछ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६ | | | **बजेट पेश, पारित र अख्तियारी -** बजेट पेश, पारित र अख्तियारी- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमाउप प्रमुखले मिति२०७८।०३।१०गते रु.६८ करोड ६२ लाख ५४ हजार ५४२ को बजेट सभा समक्ष पेश गरेकोमा मिति२०७८।०३।१०मा पारित भएको छ ।यसैगरी स्थानीय तहका प्रमुखले मिति२०७८।०३।१६मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ७ | | | **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको भएता पनि ३ वर्षको बजेट प्रक्षेपण गर्ने गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ८ | | | **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालना भएको छ भन्ने आधार रहेन।पालिकाले यसमा विशेष ध्यान दिई सुधार गर्नु पर्ने देखिन्छ। | |
| ९ | | | **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष निम्नानुसार प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गई अनियमित खर्च भएको रु. | १,६७१,०६० |
| १० | | | **वडा सचिवको पदपूर्ति -** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।<br><br>**वडा संख्या** \| **वडा सचिवको दरबन्दी** \| **वडा सचिवको पदपूर्ति** \| **रिक्त वडा सचिव**<br>१४ \| १४ \| १२ \| २ | |
| ११ | | | **त्रैमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।<br><br>**क्र.स.** \| \| **कुल खर्च** \| **त्रैमासिक खर्च** \| | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | बजेट उपशिर्षक | | प्रथमत्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथोत्रैमासिक | असार महिना |
|---|---|---|---|---|---|---|---|
| १ | चालु खर्चतर्फ | ३९०२२२००० | ६४४९५००० | ९३५०९००० | ७५१०००००० | १५७११६००० | ११८६३२००० |
| २ | पूँजिगत खर्चतर्फ | २१५१८८००० | ९७८४००० | १९३१५००० | ६६५८२००० | ११९५०६००० | ९३०१९००० |
| **जम्मा** | | **६०५४१००००** | **७४२७९०००** | **११२८२४०००** | **१४१६८२०००** | **२७६६२२०००** | **२११६५१०००** |
| **प्रतिशत** | | **१००** | **१२.२७** | **१८.६४** | **२३.४०** | **४५.६९** | **३४.९५** |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.६०,५४,१०,०००निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ७,४२,७९,००० अर्थात १२.२७प्रतिशत, दोश्रो त्रैमासिकमा रु.११,२८,२४,०००,अर्थात १८.६४प्रतिशत , तेश्रो त्रैमासिकमा रु.१४,१६,८२,०००, अर्थात२३.४०प्रतिशत र चौथो त्रैमासिकमा रु.२७,६६,२२,०००, अर्थात ४५.६९प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.२१,१६,५१,००० अर्थात ३४.९५प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

१२ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - क्षेत्रगत बजेट र खर्चको स्थितिःस्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासको लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ

| मुख्यक्षेत्र | वार्षिकवजेट | खर्चरकम | कुलखर्चमध्येप्रतिशत |
|---|---|---|---|
| आर्थिकविकास | ८२८८८००० | ३२१००४०७।६२ | ५।३० |
| सामाजिक विकासक्षेत्र | ३१०६१३००० | २८६२७५०६०।४९ | ४७।२८ |
| पूर्वाधारविकासक्षेत्र | १५८९१४५०० | १२५४४९९५३ | २०।७२ |
| वित्तीयव्यवस्थापनरसुशासन | ४९७१६०४२ | ४८६३५२४० | ८।०३ |
| कार्यसञ्चालनतथाप्रशासनिकखर्च | १४५४७९००० | ११२९५०३१७।८७ | १८।६५ |
| **जम्मा** | ७४७६१०५४२ | **६०५४१०९७८।९८** | **१००.००** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ४७.२८ प्रतिशत रआर्थिकविकासमा सबै भन्दा घटीमा ५.३० प्रतिशत रहेको छ । यसरी आर्थिक वृद्धिमा कम ध्यान दिई वितरणमूखि कार्यमा बढी जोड दिने परिपाटीलाई कम गर्दै सन्तुलित विकासको अवधारणा अनुसार खर्च प्रक्षेपण गरिनु पर्दछ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>खर्च बिश्लेषण - खर्च बिश्लेषणःपालिकाले यसबर्ष कुल आन्तरिक आयबाट,राजस्व बाँडफाँड र अनुदानबाट रु११,३०,७३,४२१.८०आम्दानी भएकोमा चालु तर्फ रु.३९,०२,२२,१७३र पूँजिगत तर्फ रु.२१,५१,८८,०००समेत रु६०,५४,१०,१७३खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा१.८७प्रतिशत रहेको छ ।यसबर्ष पदाधिकारी सबिधामा रु१ करोड ५० लाखखर्च भएको छ जुन आन्तरिक आयको१३.२७प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६८.२५ प्रतिशत चालु र३७.६५प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३८ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १२ पदहरुमा दरबन्दी रिक्त रहेका छन् ।दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>लक्ष्य प्रगति - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी तालुक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । पालिकाले यस बर्ष सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार गर्ने व्यवस्थाको उचित परिपालना हुनु पर्दछ ।
<table>
<tr><th rowspan="2">कार्यक्रम/योजना</th><th rowspan="2">कुल कार्यक्रम</th><th colspan="5">वार्षिक प्रगति स्थिती</th></tr>
<tr><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th><th>७५% भन्दा बढी प्रगति</th></tr>
<tr><td>कार्यक्रम संख्या</td><td>४९०</td><td>२</td><td>२</td><td>३</td><td>३</td><td>४८०</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६</td><td></td><td></td><td>कर्मचारी करार - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ८पदमा ५९ जना कर्मचारीहरु करारमा राखिरु.१,०२,०८,९६०खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा ६जना करार नियुक्ति गरी बर्षभरीमा रु.१९,३०,३२०.।-भुक्तानी गरेको छ । पालिकाले सो सम्वन्धमा कर्मचारी समायोजनमा नै विगतमा जिल्ला विकास समितिमा करारमा कार्यरत कर्मचारीहरु समायोजन भई आएकोले दरवन्दि भन्दा बढि भएको भन्ने जनाएको छ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले उचित ध्यान दिई अभिलेख ब्यवस्थापन गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>सेवाप्रवाहको स्थिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १९ वटा ऐन, ३वटा नियमावली, २२कार्यविधि,३ निर्देशिकार १ नीतिस्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :
<table>
<tr><td>विवरण</td><td>जम्मा</td></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>५०</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>१०८५</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>३०९</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>२१०</td></tr>
<tr><td>विवाह दर्ता</td><td>४४१</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>३९</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>पूर्वाधार विकास सडक निर्माण</th><th></th></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०.२७५ कि.मी.</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>२.२४ कि.मी.</td></tr>
<tr><td>पक्की ढलान सडक निर्माण</td><td>१.६४९ कि.मी.</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>
योजना छनौट र कार्यान्वयन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७८।७९को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><th>रु १ लाख सम्म</th><th>रु १ लाख देखि २ लाखसम्म</th><th>रु २ लाखदेखि ५ लाखसम्मका</th><th>रु ५लाख देखि १० लाखसम्मका</th><th>रु १० लाखभन्दा बढीको</th><th>जम्मा</th></tr>
<tr><td>२४४</td><td>८२</td><td>६८</td><td>१६</td><td>१६</td><td>४२६</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. १ लाख देखि५ लाखसम्मका जम्मा १५० वटा योजना संचालन गरेकोमा रु. ५ लाख भन्दा माथिका मात्र ३२वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने भएकोले साना योजनाको संख्या कम गर्दै जानुपर्ने देखिन्छ।
</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>
स्थानीय तहका पदाधिकारी सुविधा - नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७६ (पहिलो संशोधन समेत) जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.१ करोड३६लाख४४ हजार सुविधा वापत भुक्तानी भएको छ ।
<table>
<tr><th>सि.नं</th><th>विवरण</th><th>प्रमुख/ अध्यक्ष</th><th>उपप्रमुख/ उपाध्यक्ष</th><th>वडाअध्यक्ष १४ जना</th><th>कार्यपालिका सदस्य ८ जना</th><th>सभाका सदस्य ४८ जना</th><th>जम्मा</th></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>बैठक भत्ता</td><td>१६०००</td><td>१६०००</td><td>५६३०००</td><td>८१०००</td><td>१०५६०००</td><td>१७३२०००</td></tr>
<tr><td>२</td><td>यातायात खर्च</td><td>०</td><td>०</td><td>८८८०००</td><td>४९००००</td><td>१४४८०००</td><td>२८२६०००</td></tr>
<tr><td>३</td><td>टेलिफोन,मोबाइल</td><td>४८०००</td><td>४८०००</td><td>५०४०००</td><td>२८८०००</td><td>१४४००००</td><td>२३२८०००</td></tr>
<tr><td>४</td><td>पुस्तक,पत्रीका, ईन्टरनेट</td><td>६००००</td><td>६००००</td><td>६७२०००</td><td>२८८०००</td><td>११५२०००</td><td>२२३२०००</td></tr>
<tr><td>५</td><td>समन्वय तथा सहजीकरण</td><td>१५६०००</td><td>९६०००</td><td>११७६०००</td><td>४८००००</td><td>१७२८०००</td><td>३६३६०००</td></tr>
<tr><td>६</td><td>अतिथि सत्कार</td><td>८४०००</td><td>७२०००</td><td>७२०००</td><td>०.००</td><td>०.००</td><td>२२८०००</td></tr>
<tr><td>७</td><td>खानेपानी/बिजुली/ सरसफाई</td><td>०.००</td><td>०.००</td><td>०.००</td><td>०.००</td><td>०.००</td><td>०.००</td></tr>
<tr><td>८</td><td>चाडपर्व खर्च</td><td>१५०००</td><td>१५०००</td><td>१६८०००</td><td>८००००</td><td>३८४०००</td><td>६६२०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३७९०००</td><td>३०७०००</td><td>४०४३०००</td><td>१७०७०००</td><td>७२०८०००</td><td>१३६४४०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>आर्थिक सहायता - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष विभिन्न शीर्षकबाट रु.३५ लाख ५० हजार आर्थिक सहायता वितरण गरेका छन् । यसरी विभिन्न निकायबाट वितरण भएकोले पालिकाले (जिल्ला प्रशासन, जिल्ला प्रहरी आदि) आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>महोत्सव तथा अन्य खर्च - स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु ८४ हजार खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>ठेक्का व्यबस्थापन - सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । नगरपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छः</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th rowspan="2">कुल निर्माण खर्च</th><th colspan="2">सोझै खरिद</th><th colspan="2">कोटेशन</th><th colspan="2">सिलबन्दी दरभाउपत्र</th><th colspan="2">बोलपत्र</th><th colspan="2">चौथो त्रैमासिकमा व्यवस्था भएको</th></tr>
<tr><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>१११४४४८९८.३</td><td>५</td><td>३३४९२५</td><td>४३</td><td>२१६१७२६८</td><td>६</td><td>४९५१६८४.४२</td><td>३३</td><td>८४५४१०२०.९१</td><td>४</td><td>२३१३७००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>बार्षिक खरिद योजना/गुरुयोजना - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२१करोड ५१ लाख ८८ हजार ८ सय ६ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>आयको अनुमान - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१,७०,००,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु.१,१९,४६,७१०अर्थात अनुमान भन्दा२९.७३प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>अबण्डा बजेट - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा६६ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी दफा ७१ बमोजिम बजेट पेश र पारित गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु १५ लाख अबण्डा राखेको छ । बजेट अबण्डमा राखी पछि आफूखुसी योजनामा विनियोजन गरेको कारण अबण्डा बजेट कुन कुन काममा खर्च भयो भन्ने समेत आधार रहेन। कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>खाना तथा विविध खर्च - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रु.७७९३९८खर्च गरेको छ । आन्तरिक आय र विविध खर्चलाई समानजस्यता हुने गरी वाञ्छित सीमामा राखिनु पर्दछ।</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हस्तान्तरण - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छः</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>आन्तरिक आय - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><br>
<table>
<tr><th>केन्द्रिय अनुदानबाट खर्च</th><th>आन्तरिक आय</th><th>आन्तरिक आय प्रतिशत</th></tr>
<tr><td>३८१७६३६२१.४१</td><td>११३०७३४२१।८०</td><td>२९.६१</td></tr>
</table>
उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २९.६१ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।<br><br>
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>सम्पत्ति कर</td><td>२७५००००.००</td><td>२३९७५२२.००</td><td>८७.१८</td></tr>
<tr><td>घरवहालकर</td><td>२४५००००.००</td><td>३०३७९५४.००</td><td>१२३.९९</td></tr>
<tr><td>अन्यकर, दस्तुरतथा शुल्क</td><td>१२००००० .००</td><td>२६६१८२१.००</td><td>२२१.८१</td></tr>
<tr><td>सिफारिशदस्तुर</td><td>७८५००००.००</td><td>१६३७१७८.००</td><td>२०.८५</td></tr>
<tr><td>व्यावसायरजिष्ट्रेशन दस्तुर तथा व्यावसायकर</td><td>२७५००००.००</td><td>२२१२२३५.००</td><td>८०.४४</td></tr>
<tr><td>जम्मा</td><td>१७००००००.००</td><td>११९४६७१०.००</td><td>७०.२७</td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थपरक छ भनी मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>स्थानीय तहरूको विभाज्य कोष - प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाडफाड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेका छैन। जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यथार्थ असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाडफाड गर्नुपर्दछ । | |
| ३२ | | | **राजस्व अभिलेख -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजस्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो । | |
| ३३ | | | **सवारी कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष संकलन गरेको पाईएन । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| ३४ | | | **मनोरञ्जन कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७८।७९ मा पालिकाले यस शीर्षकमा कुनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| ३५ | | | **व्यवसाय कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. २२ लाख १२ हजार २३५मात्र कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छून । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छून । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ३६ | | | **प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । यस वर्ष २४५ वटा उपभोक्ता समितिबाट कार्य गरी रु. ३९११२९७४ भुक्तानी भएको छ। | |
| ३७ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७८ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.१,०२,१९,३९०/- तलब भत्ता भुक्तानी गरेको पाईयो । पालिकाले विद्यालयहरुलाई गत विगतबाट नै शिक्षकहरु उपलव्ध गरेकोले दरवन्दि कटौति नगरेको र दरवन्दि मिलान तथा विद्यालय मिलानको प्रकृयामा रहेकोले सो रकम न्युन हुने उल्लेख गरेको छ ।</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>औषधी खरिद - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहले उक्त प्रक्रियावेगर १५ लाख मध्ये रु.८६,३४५/- औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br><br>
• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,<br>
• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,<br>
• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>
• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br>
तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>डीपीआर खर्च - बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।<br><br>
<table>
<tr><td>कार्य विवरण</td><td>परामर्शदाता</td><td>स्वीकृत रकम</td><td>खर्च रकम</td><td>अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत</td><td>कैफियत</td></tr>
<tr><td>रेसुङ्गा गर्जुरा पार्क</td><td>रियलपाथ इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा लि</td><td>४९४३७५</td><td>४९४३७५</td><td>६९९९४१४४।५३</td><td>गत आ.व. को खर्च भुक्तानी</td></tr>
<tr><td colspan="2">जम्मा:</td><td>४९४३७५</td><td>४९४३७५</td><td>६९९९४१४४।५३</td><td></td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४०</td><td></td><td></td><td>अनुगमन तथा भ्रमण खर्च - स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७६ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई अनुगमन तथा भ्रमण खर्च रु.१५०४३९०/- भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्।<br><br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ३ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>डोजर, लोडर, एक्साभेटर मर्मत - पालिकामा रहेको डोजर, लोडर र एक्साभेटरको मर्मत तथा ईन्धनमा यो साल कार्यालयले रु. २३,८३,७५६/- खर्च गरेकोमा उक्त डोजर, लोडर र एक्साभेटर भाडामा लगाएबापत कार्यालयले रु २,३०,७५० /- मात्र आम्दानी गरेको छ भने पालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाईएन ।कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्नु पर्दछ।<br><br>
<table>
<tr><th>सि.नं</th><th>मेशिनरी</th><th>संख्या</th><th>मर्मत तथा ईन्धन रकम</th><th>आम्दानी रकम</th></tr>
<tr><td>१</td><td>डोजर</td><td>१</td><td>२०३४२०१.</td><td>०</td></tr>
<tr><td>२</td><td>लोडर</td><td>१</td><td></td><td>०</td></tr>
<tr><td>३</td><td>वारुणयन्त्र</td><td>१</td><td>९८५००.</td><td>०</td></tr>
<tr><td>४</td><td>पानी ट्याङ्कर</td><td>१</td><td>१५४८५७.५</td><td>५५७५०.</td></tr>
<tr><td>५</td><td>स्यानेटोरी ट्याङ्की</td><td>१</td><td>९६१९७.५</td><td>१७५०००.</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५</td><td>२३८३७५६.</td><td>२३०७५०.</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **सामाजिक सुरक्षा** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायमहुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ । पालिकाले सोको अनुसरण गरेको पाईएन, अतः सो सम्वन्धमा सुधार हुनुपर्दछ। | |
| ४३ | | | **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १ वटा रहेको र यो बर्ष थप भएको १ गरी कुल २विवाद दर्ता भएकोमा कुनै फछ्र्यौट नभई२ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ४४ | | | **वित्तीय विवरण -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन १ गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br><br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएकोNEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ४५ | | | **सम्पत्ति हस्तान्तरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| ४६ | | | **विपद् व्यवस्थापन** | |
| ४६.१ | | | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात रू. ३१५८८५८.०४ र यस वर्षको आम्दानी रु. १,००,५१,१२० समेत रू. १३२०९९७८.०४ कुल आम्दानी भएकोमा रू. ९८,९६,९३१.१०खर्च गरी बाँकी रु. ३३,१३,०४६.९४बाँकी देखिन्छ । पालिकाले नियममा तोकिएबमोजिम खर्च लेखी कोष खडा गरेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६.२ | | | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको भएतापनि १ वटा बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । | |
| ४६.३ | | | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गर्ने, अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |
| ४६.४ | | | स्थानीय विपद् व्यवस्थापन कोषमा जम्मा भएको रकम खर्च गर्न तथा विपद्व्यवस्थापनका लागि प्राप्त वस्तुगत सहायता सामाग्री खर्च निकासा गर्न विपद् व्यवस्थापन समितिले निर्णय गर्नुपर्ने व्यवस्था छ। तर यस नगरपालिकाले समितिले निर्णय बेगर यस शीर्षकबाट सामुदायिक विपद् प्रतिकार्य ४ दिने तालिम गराएको र ११ जना प्रशिक्षक र ३५ सहभागीहरुको हाजिरी राखी रु १३६६६०/- खर्च लेखेको छ। साथै गो भौ नं ४ मिति २०७८।०७।२६ मा विपद् व्यवस्थापन सम्बन्धी खर्चहरु शीर्षकबाट पि.सि.आर ल्याबको २०७८ अषाढ देखि कार्तिक २०७८ सम्मको विद्युत महशुल र जरिवाना (रु १९७४७) सहित रु ११८९६९.१० भुक्तानी गरेको। | |
| ४६.५ | | | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ४७ | | | **राष्ट्रिय शिक्षा नीतिको पालना** | |
| ४७.१ | | | राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याश्ङ्कन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन सम्वन्धि मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन् ।<br>• सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।<br>• मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।<br>• अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।<br>• प्रतिवेदन सार्वजनिक गरेको छैन ।<br>तसर्थ गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर पापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७.२ | | | गाउँपालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |
| ४७.३ | | | राष्ट्रीय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । यस सम्बन्धी थप व्यहोरा निम्नानुसार रहेका छन्<br>• निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन ।<br>• मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।<br>• निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन ।<br>• शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको छैन ।<br>• अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन आदि ।<br>अतः गाउँपालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ । | |
| ४८ | | | **जेसिबि एक्साभेटर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीयतहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्नुपर्ने व्यवस्था छ। नगरपालिकामा रहेको जेसिबि एक्साभेटर को संचालनको लागी यस वर्ष रु.२०,३४,२०१/- खर्च गरेको छ।नगरपालिकामाजेसिबि रहेको अवस्थामा कोटेशन गरी नगरपालिकाभित्रका विभिन्न योजना तथा मोटरबाटो मर्मत तथा सोर्ने कार्य गरेको छ।नगरपालिकाले आफुसँग भएको जेसिबि कुनै योजना तथा मोटरबाटोको मर्मत तथा सोर्ने कार्यमा प्रयोग गरेको पाइएन। नगरपालिकाले आफुसँग भएको जेसिबि योजना तथा मोटरबाटो मर्मत तथा सोर्ने कार्यमा प्रयोग गरी बाँकी कार्यको लागी अन्य निर्माण व्यवसायीहरु प्रयोग गर्नेतर्फ ध्यान जानुपर्ने देखिन्छ। यस वर्ष संचालन खर्च आउने गरी कार्यविधि समेत नबनाई खर्च भएको रकम अनियमित भएको रु. | २,०३४,२०१ |
| ४९ | | | **पारिश्रमिक कर** –<br><br>✂ ..........*(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९ । १२ । २० को निर्णयबाट रु. ७८५०८ ।- सम्परीक्षण गरिएको ।)* | ० |
| ५० | | | **अनुदानको अनुगमन -** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। कार्यालयले यस बर्ष कृषि कार्यक्रमतर्फ भकारो सुधार कार्यक्रममावडा न. २ मा ३७ वटा खोर निर्माणमा रु.३९९१३१।८२ बराबरको अनुदान खर्च लेखेको छ। कार्यालयले पालिकाबाट बितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आउने गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **पाठ्यपुस्तक अनुदान** - शिक्षा तथा मानव स्रोत विकास केन्द्र जारी कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७र।२०७८ को क्रियाकलाप न.२.४.६.१ बमोजिम सार्वजनिक विद्यालयका विद्यार्थिहरुका लागी निसुल्क पाठ्यपुस्तक अनुदन व्यवस्था गरेको छ।नगरपालिकाले निशुल्क पाठ्यपुस्तक बापत नगरपालिका अन्तर्गतका विद्यालयलाई संघीय हस्तान्तरणबाट निकासा गरेकोमा पुन अङग्रेजी माध्यमबाट संचालित राङ्कवास माध्यामिक विद्यालयको लागी कक्षा १ देखि ५ सम्मको लागी पाठ्यपुस्तक खरिद भनी रु.८७,६५५/- भुक्तानी गरेकोमा दोहोरो खर्च भएको रकम असूल गर्नुपर्ने रु. | ८७,६५५ |
| ५२ | | | **फोहोरमैला व्यवस्थापन** - फोहोरमैला व्यवस्थापन ऐन ,२०६८ तथा नियामावलीमा कुहिने र नकुहिने फोहोर श्रोतमा नै (घरमा ) वर्गीकरण गरी ढुवानी तथा सम्बन्धित ल्याण्ड फिलसाइडमा विसर्जन गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले श्रोतमा नै वर्गिकरण गरी विसर्जन गर्ने गरेको र ल्याण्डफीड निर्माण गरेको छैन। नगरपालिकाले नगर विकास तथा वातावरण संरक्षण संस्थालाई रु.१०,००,०००।- फोहोर व्यवस्थापनको लागी अनुदान दिएको पाइयो । नियामानुसार फोहोरको वर्गीकरण ढुवानी, ल्याडफिड निर्माण र विसर्जन गर्ने गरी फोहोर व्यवस्थापनमा गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ । | |
| ५३ | | | **दिवा खाजा** | |
| ५३.१ | | | कार्यक्रम कार्यान्वयन पुस्तिका, ०७८।७९ को ७.१ मा दिवा खाजा कार्यक्रम लागु भएका पहाडि विद्यालयहरुमा कक्षा ५ सम्मका विद्यार्थीहरुलाई प्रति विद्यार्थी दैनिक रु.१५।- का दरले बढिमा १८० दिनको लागि विद्यार्थीको दैनिक हाजिरीको प्रमाणित प्रतिलिपीको आधारमा खातामा निकासा दिनुपर्ने व्यवस्था छ । साथै दोश्रो र तेस्रो चौमासिक निकासा दिंदा पहिलो चौमासिकमा निकासा दिएको रकमको सदुपयोगको स्थिती समेत हेरेर एवं खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका नमूनाको समेत आधारमा निकासा दिनुपर्ने उल्लेख छ । तर पालीकाले यस बर्ष दिवा खाजाको लागी विभीन्न ३२ विद्यालयहरुमा प्रथम किस्ता गो.भौ.१०५।०७८।१२।२५ बाट रु.४३३१७१५.०० र दोस्रो किस्ता निकासा गो.भौ.२०१।०७९।३।१४ बाट रु.२८३०५४९.०० एवं नपुग रकम भनि गो.भौ.३०१।०७९।३।२५ बाट रु.६९५५५.०० गरी जम्मा रु.७२३१८१९.०० विद्यालयलाई निकासा दिएको पाईयो । चौमासिक रुपमा निकासा दिई सदुपयोगको स्थिती समेत हेरेर पुनः अर्को किस्ता भुक्तानी दिनुपर्नेमा एकमुष्ठ निकासा दिई नपुग रकम मात्रै थप दिएको पाईयो । जसले गर्दा निकासा एवं खाजा कार्यक्रम तोकिए वमोजिम नै छ भनी आश्वस्त हुन सकिएन । अतः कार्यक्रम कार्यान्वयन पुस्तिकाको व्यवस्था अनुसार समयमा निकासा र प्रतिवेदनहरु प्राप्त गरिनुपर्दछ । | |
| ५३.२ | | | कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार पालिकाले विद्यालयहरुले पेश गरेको विद्यार्थीको हाँजिरीको आधारमा चौमासिक रुपमा दिवा खाजाको रकम भुक्तानी दिनुपर्ने व्यवस्था गरेको छ । तर पालिकाले आर्थिक वर्षको दोस्रो र तेस्रो चौमासिकमा मात्रै निकासा दिएको पाईएकोमा रेसुङ्गा मा.विलाई बार्षिक रु.१३६४६४०.०० निकासा दिनुपर्नेमा रु.१५०५६६५.०० निकासा दिएको पाईएकोले विद्यालयलाई रु.१४१०२५.०० वढि रकम निकासा दिएको पाईयो । यसरी विद्यालयमा भएको संख्या भन्दा बढी संख्यामा विद्यार्थि देखाई खर्च दावि गरेको उक्त रकम असूल गरी दाखिला हुनुपर्दछ, रु. | १४१,०२५ |
| ५४ | | | **सहभागिता अंश** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले यजोना बनाउदा सहभागीतामुलक,उत्पादनमुलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ।नगरपालिकाले यस बर्ष सहभागीताको आधारमा निम्न कार्यक्रम संचालन गरेकोमा सम्बन्धित लाभग्राहिले व्होर्नुपर्ने रकम कट्टा नगरी भुक्तानी गरेकोले बढी भुक्तानी भएकोरु. | ६३,२०० |

| गौ,भौ.न/मिति | विवरण | नगरपालिकाले व्होर्ने रकम | भुक्तानी भएको रकम | कृषकले व्होर्ने रकम बढी भुक्तानी |
|---|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४७/२०७८/७/९चालु</td><td>गहुको बिउ वितरण ५० प्रतिसत अनुदान</td><td>३५,२००।-</td><td>७०,४००।-</td><td>३५,२००।-</td></tr>
<tr><td>६७९/२०७९/३/२४चालु</td><td>फलफुलको विरुवा ८० प्रतिसत अनुदान</td><td>१,१२,०००।-</td><td>१,४०,०००।-</td><td>२८,०००।-</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>६३,२००।-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>बढी मूल्याङ्कन - सार्वजनिक खरिद नियमावली, २०६४को नियम १२३ मा वास्तविक कार्यसम्पादनको आधारमा रनिङ बिल तथा विजकको भुक्तानी गनुपर्ने व्यवस्था छ।पर्यटन प्रबद्धर्धनात्मक कार्यक्रम अन्तर्गत चौपारी तथा रेलिङ्ग निर्माण गरी तल्ला पोखरा शिवालय मन्दिर रेलिङ्ग तथा मर्मत उपभोक्ता समितिलाई भुक्तानी गर्दा ए.म एस कालो पाइप २७१ के.जी खरिद गरेकोमा प्राविधिकले मूल्याँङ्कन गर्दा ३७०.७५ के.जी को गरेको छ। खरिदभन्दा बढी मूल्याङ्कन ए.म एस कालो पाइप ९९.७५ के.जी रु.१४६.९० को दरले भुक्तानी भएको रकम रु.१४,६५३।- सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.</td><td>१४,६५३</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>गाडी भाडा - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीयतहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्नुपर्ने व्यवस्थाछ । पालिकाले गौ.भौ.न ४६९/२०७९/३/२५ बाट विभिन्न मितिमा नगर प्रमुख र उपप्रमुखलाई विभिन्न स्थलमा भ्रमण गरेबापत १५ दिनको ७,०००।-ले रु.१०५,०००।- खुमबहादुर खत्रीलाई भुक्तानी गरेको छ । नगर प्रमुख र उपप्रमुखलाई सवारी साधन सुविधा उपलव्ध गराएको अवस्थामा खर्च लेखेको करकट्टि रकम रु.१०,५००।- बाहेक ९४,५००।– भुक्तानी गरेको छ । नगर प्रमुख र उपप्रमुखलाई ऐनले तोकेको व्यवस्था विपरीतको भुक्तानी रकम नियमसम्मत नदेखिएको, रु.</td><td>९४,५००</td></tr>
<tr><td>५७</td><td></td><td></td><td>नेत्र कृषि तथा पशुपंक्षी फर्मलाई अनुदान - पालिका र नेत्र कृषि तथा पशुपंक्षी फर्म विच २०७८।१२।१८ मा भएको सम्झौताको बुँदा नं ५ मा गोठ निर्माण एवं पाडा खरीदको सवै रकममा पचास प्रतिशतको योगदान दुवै पक्षमा रहने उल्लेख छ । पालिकाले पाडा प्रवर्द्धन कार्यक्रम अन्तर्गत पाडा खरीद खर्च गो.भौ.२५२।०७९।३।२३ बाट पुनः रु.४२४०००।–खर्च भुक्तानी गरेको छ । फर्मले पाडा खरीद गर्दा खर्च भएको चोकर दाना खरीदको रु.१९१४००।-,औषधी खरीदको रु.९९६००।-,घाँस खरीदको रु.२९०००।–र घाँसको विरुवा खरीदको रु.१०४०००।–गरी जम्मा रु.४२४०००।-पालिकासँग भुक्तानीको लागि माग गरेको र सोहि अनुसारको भुक्तानी दिएको पाईयो । सम्झौता अनुसार दुवै पक्षले व्यहोर्नुपर्ने खर्च रकम पालिकाले मात्र भुक्तानी गरेको पाईएकोले उक्त रकम रु.२१२०००।–अनियमित देखिएको, रु.</td><td>२१२,०००</td></tr>
<tr><td>५८</td><td></td><td></td><td>टोनोमिटर खरीद</td><td></td></tr>
<tr><td>५८.१</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधारमानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । त्यस्तै अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९(१) मा नेपाल सरकारले प्रदेश तथा स्थानिय तह वा नेपाल सरकारको कुनै योजना कार्यान्वयन गर्न कुनै शर्त तोकेर अनुदान दिने र सम्वन्धित निकायले त्यो शर्तको पालना गरी कार्यक्रम गर्नुपर्ने उल्लेख छ । कार्यपालिकाको २०७८।१२।१८ को बैठकले नन कन्ट्याक्ट टोनोमिटर खरीदको लागि रु.११३००००।– विनियोजन गर्ने निर्णय गरेको पाईयो । सोहि आधारमा पालिकाले रु.१११७५७०।–मा खरीद गरेको छ । सो सम्वन्धमा देखिएको विवरणहरु निम्नानुसार छन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८.२ | | | पालिकाले ऐन नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयार गरेर मात्र खरीद प्रकृया अगाडि बढाउनुपर्ने देखिन्छ । तर सो प्रकृया वेगर नै पालिकाले रु.११३००००।–को लागत अनुमान तयार गरी २०७८।१२।२७ मा E-bidding मार्फत खरीद प्रकृया अगाढि बढाएको पाईयो । पालिकाले कम कवोल रु.१११७५००।- गर्ने फर्म हाई स्पिड कम्प्युटर, रेसुङ्गासँग मिति २०७९।३।८ मा सम्झौता गरी गो.भौ २५२।०७९।३।२३ बाट रु.१११७५७०।–भुक्तानी दिएको छ । आँखा जाँचको लागि आवश्यक उक्त मेशिनको सम्वन्धित क्षेत्रको प्राविधीकबाट स्पेसिफिकेसन अनुसारको सामान प्राप्त भए नभएको सम्वन्धमा यकिन गरेर मात्र भुक्तानी दिनुपर्नेमा गुणस्तर प्रतिवेदनमा विस्तृत खुलेको पाईएन । जसले गर्दा आवश्यकता अनुसारको सामान प्राप्त भएको सम्वन्धमा आश्वस्त हुन सकिएन । पालिकाले सो सम्वन्धमा ध्यान दिनुपर्दछ । | |
| ५८.३ | | | पालिकाले शसर्त चालु वजेटको स्वास्थ्य चौकिमा कार्यरत कर्मचारीको तलव भत्ता लगायतको सेवा सुविधाको रकमबाट नन कन्ट्याक्ट टोनोमिटर खरीद गरेको पाईयो । साथै शसर्तको वजेटबाट सम्वन्धित कार्यमा मात्रै खर्च गर्नुपर्नेमा रु.१११७५७०।–को नन कन्ट्याक्ट टोनोमिटर खरीद गरी नेत्र ज्योती संघ, तम्घासलाई हस्तान्तरण गरेको छ । यसरी शसर्तको रकमबाट सामान खरीद गरी निजि संस्थालाई वितरण गरेको पाईएकोले नियमसम्मत नदेखिएको, रु. | १,११७,५७० |
| ५९ | | | **रेसुङ्गा बाख्रापालन** –<br><br>**_..........(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९। १२ ।२० को निर्णयबाट रु. ९१४०.०० ।- सम्परीक्षण गरिएको।)_** | ० |
| ६० | | | **आप्रवासी स्रोत केन्द्र** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले बमोजिमको अवधीमा कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ । पालिकालाई आप्रवासी स्रोतकेन्द्र संचालन र व्यवस्थापनको लागि यस बर्ष रु.९९०९०००।–वजेट विनियोजन भएको पाईयो । पालिकाले आप्रवासी परामर्शकर्ता २ जना तथा रीटर्न स्वयंसेवक ३ जनाको लागि आर्थिक बर्षको अन्त्यमा आएर मिति २०७९।२।२० मा सात दिनको सूचना निकालेको पाईयो । पालीकाले लिखित परीक्षाबाट सफल हुने उम्मेदवारहरुलाई अन्तरवार्तामा उपस्थित गराई सो पश्चात सफल उम्मेदवारलाइ मात्रै नियुक्ती दिनुपर्ने देखिन्छ । तर पालिकाले सो अनुसारको पदपूर्ति नगरी निवेदन, योग्यता एवं अनुभवको आधार लिई पदपूर्ति समितिले २०७९।३।४ मा सिफारीस गरेको र सोहि अनुसारको नियुक्ती दिएको बताएको छ । दीर्घकालीन प्रभाव पार्ने एवं निश्चित उदेश्य प्राप्तीको लागि विनियोजित वजेट खर्च आर्थिक बर्षको अन्त्यमा नगरी तोकिए वमोजीमको समय र प्रकृया पुरा गरी गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| ६१ | | | **ठेक्काको लगत** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २५ र नियमावली २०७७ नियम ३९ मा भुक्तानीलाई व्यवस्थिति र प्रभावकारी बनाउनु पर्न व्यवस्था रहेको छ । तर यस कार्यालयले विभिन्न ठेक्काको रनिङ विल भुक्तानी गर्दा म.ले.प.फा.नं. ५१२ अनुसार ठेक्का लगत नराखेकोले के कति रकम भुक्तानी भयो के कति बाँकी छ एकिन गर्न सकिएन। यसरी ठेक्का लगत नराख्दा रकम अनियमित हुन सक्छ त्यसैले यस कार्यालयले म.ल.प.फा.नं ५१२ अनुसार ठेक्का लगत राखी अनियमित हुने रकमलाई रोक्ने तर्फ ध्यान दिनुपर्ने । | |
| ६२ | | | **सुरक्षित आवास** | |
| ६२.१ | | | सुरक्षित नागरीक आवास कार्यन्वयन कार्यविधी, २०७५को दफा ४ मा सम्वन्धित स्थानिय तहको समन्वयमा संघिय आयोजना कार्यान्वयन एकाइ वा सघन शहरी तथा भवन निर्माण आयोजनाले लाभग्राही छनौट गर्ने प्रयोजनको लागि लाभग्राहिले हाल प्रयोग गरीरहेको घरको क्षेत्रफल, गाह्रो आदिको आधारमा अनुसूची -१ वमोजिमको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अंक प्रदान गरी प्रथमिकताको आधारमा सूचि तयार गर्ने उल्लेख छ । त्यस्तै अनुसूची १ मा जग्गाको स्वामित्व भएको, ढुङ्गाको, बाँस, चिरपट।कट्टेरोको गाह्रो भएको, खपटा, टायल, स्याउला, प्लाष्टिकको छाना भएको र जग्गाको क्षेत्रफल ३० वर्गफिट भन्दा कम भएकोलाई प्रथमिकता दिने उल्लेख छ । तर पालिकाले यस बर्ष सुरक्षित नागरीक आवासको लागि विभिन्न मितिमा निर्णय गरी रकम उपलब्ध गराएको भएतापनि कार्यविधीले तोकेको मानदण्ड पुरा गरेको देखिने कागजात संलग्न गरेको छैन । सो सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ । | |
| ६२.२ | | | सुरक्षित नागरीक आवास कार्यन्वयन कार्यविधी, २०७५को दफा ६ मा कुनै व्यक्तीले झुठा विवरण पेश गरेमा, जुन प्रयोजनको लागि अनुदान रकम उपलव्ध गराएको हो सोहि प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेमा वा किस्ता वमोजिमको गर्नुपर्ने कार्य प्रगती अनुदान उपलब्ध गराईएको मितिले तीन महिना भित्र नगरेमा लाभग्राहीबाट अनुदान रकम स्थानिय तहले असूल उपर गर्नेछ भन्ने व्यवस्था छ । तर पालीकाबाट अनुदान प्राप्त देहाय लगायतका अधिकांश लाभग्राहीबाट सम्झौता अनुसारको कार्य तीन महिना भित्र पुरा नगरी लामो समय पश्चात् सम्पन्न गरेको विवरण पालिकाबाट पेश भएको छ । जसले गर्दा कार्यविधीको परीपालना भएको पाईएन । सो सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ । | |
| ६३ | | | **पाडा प्रवर्द्धन कार्यक्रम** | |

| सि.नं | लाभग्राहि | वडा नं | सम्झौता मिति | सम्पन्न मिति |
|---|---|---|---|---|
| १ | पदम दमाई | ५ | आ.व.२०७७।०७८ | २०७८।१०।७ |
| २ | राम प्रसाद पाण्डे | ३ | आ.व.२०७७।०७८ | २०७८।१०।२३ |
| ३ | काशिराम पाण्डे | ५ | आ.व.२०७७।०७८ | २०७८।११।२९ |
| ४ | टीका घर्ती | १४ | आ.व.२०७७।०७८ | २०७८।१२।१४ |
| ५ | शेर बहादुर कामी | १४ | आ.व.२०७७।०७८ | २०७८।१२।१४ |
| ६ | शोभा सिंजाली | १४ | आ.व.२०७७।०७८ | २०७८।१२।१४ |
| ७ | वसन्ती रजाली | १४ | आ.व.२०७७।०७८ | २०७८।१२।१४ |
| ८ | चुरा बहादुर कुँवर | १४ | आ.व.२०७७।०७८ | २०७९।३।५ |
| ९ | वसन्त कुँवर | १४ | आ.व.२०७७।०७८ | २०७९।३।१९ |
| १० | सोव बहादुर राना | १४ | आ.व.२०७७।०७८ | २०७९।३।२२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३.१ | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । बार्षिक कार्यक्रम अनुसार गाउँपालिकाले पाडा प्रवर्द्धन कार्यक्रम अन्तर्गत पालिका भित्रका किसानहरुलाई भैसिका पाडा वितरणको लागि कार्यक्रम रहेको पाईयो । पालिकाले यस बर्ष ५० वटा भैसिको पाडाहरु पालिकाको ५० प्रतिशत र किसानको ५० प्रतिशत योगदान रहने गरी किसानहरुलाई भैसिका पाडाहरु वितरण खर्च गो.भौ.१८३।०७९।३।८ बाट रु.११२००००।-भुक्तानी दिएको छ । सो सम्वन्धमा देखिएको विवरणहरु निम्नानुसार छन । | |
| ६३.२ | | | पालिकाले पाडा प्रवर्द्धन कार्यक्रमको लागि २०७८।९।२ मा सूचना आव्हान गरेको र निवेदन परेको दुई फर्महरु नेत्र कृषि तथा पशुपंक्षी फर्म र आरुषी कृषि तथा पशुपंक्षी फर्मसँग सम्झौता गरेको पाईयो । सोहि सम्झौताको आधारमा पालिकाले यादव जनरल अर्डर सप्लायर्स बाट प्रति पाडा रु.४००००।–का दरले ५० पाडाको रु.२००००००।–भुक्तानी गरेको छ । पालिकाले यसरी पाडा खरीद गर्दा कुन जातका के कति खरीद गर्ने हो सोको यकिन गरी सार्वजनिक खरिद ऐन र नियमावलीको परीधिमा रहेर खरीद गर्नुपर्नेमा सोझै खरिद गरेको पाईयो । जसले गर्दा मितव्ययी र खरिद प्रकृया पारदर्शी एवं कृषकहरुले उन्नत जातको र गुणस्तरयोग्य भैसि पाई सोबाट राम्रो प्रतिफल प्राप्त गर्छन् भनि आश्वस्त हुन सकिएन । पालिकाले सो सम्वन्धमा ध्यान दिनुपर्दछ । | |
| ६४ | | | **प्राविधिक बील र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बीलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बीलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बील बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ६५ | | | **नक्सा पास र कार्यन्वयन** | |
| ६५.१ | | | बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ को दफा ५.२ मा आर्थिक बर्ष २०७२।०७३ देखि भवन ऐन २०५५ अनुसार भवनको ढाँचा, नक्सा, स्ट्रक्चर तथा विषेश सुविधाहरुको डिजाईन सम्वन्धि खुलाएर ईन्जिनियरबाट नक्सा पास गराएर मात्रै घर बनाउनुपर्ने उल्लेख छ । त्यस्तै दफा ५.३ मा भवन निर्माण मापदण्ड अनुसरण गरी नक्सा तयार, स्ट्रक्चर डिजायन र सुपरीवेक्षण गरीएको भनि प्राविधिकले सिफारीस गरेको भवनलाई मात्र स्थानिय निकायले आफ्ना प्राविधिकबाट समेत जाँचपास गराई निर्माण सम्पन्न प्रमाणपत्र दिनेछ भन्ने व्यवस्था छ । तर पालिकाले घर निर्माणको लागि नक्सा पास गरेको लामो समयसम्म समेत देहाय अनुसारका घर सम्पन्नको लागि लिन नआएका व्यक्तीहरुको बारे अनुगमन गर्ने गरेको देखिएन जसले गर्दा राजश्वमा चुहावट हुने गरेको देखियो । पालिकाबाट घरको नक्सा पासको अनुमति दिएको कति बर्षसम्म घर सम्पन्नको लागि निवेदन दिनुपर्ने हो र सो अवधिमा सम्पन्न नगरेको खण्डमा के कस्तो दण्ड जरीवाना हुने हो सो सम्वन्धमा स्पष्ट खुल्नेगरी कार्यविधी बनाएको छैन । साथै पालिकाले नक्सापास सम्वन्धि कार्यविधी बनाउने सम्वन्धमा समेत ध्यान दिनुपर्दछ । | |

| नाम | ठेगाना | घरको क्षेत्रफल | नक्सापास मिति | घरसम्पन्नको निवेदन मिति |
|---|---|---|---|---|
| राम प्रसाद पाण्डे | रे.न.पा.९ | ४४४४ व.मी | २०७३।६।१२ | २०७८।५।८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>ध्रुवराज पन्थी</td><td>रे.न.पा.७</td><td>८४३.८९ व.मी</td><td>२०७५।६।२९</td><td>२०७८।९।६</td></tr>
<tr><td>निर्मलादेवी बस्नेत</td><td>रे.न.पा.२</td><td>१४६१.७६ व.मी</td><td>२०७३।६।११</td><td>२०७८।५।२७</td></tr>
<tr><td>विनोद गैहे</td><td>रे.न.पा.९</td><td>१६८० व.मी</td><td>२०७४।९।५</td><td>२०७८।११।३०</td></tr>
<tr><td>वीर बहादुर सूचीकार</td><td>रे.न.पा.९</td><td>६०४.१५ व.मी</td><td>२०७३।८।१०</td><td>२०७८।९।११</td></tr>
<tr><td>कौशीला कुँवर</td><td>रे.न.पा.२</td><td>१३५३ व.मी</td><td>२०७५।३।१०</td><td>२०७८।९।२६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६५.२</td><td></td><td></td><td>रेसुङ्गा नगरकार्यपालिकाबाट आर्थिक बर्ष २०७८।०७९ को लागि पारीत बार्षिक नगर विकास योजनाको अनुसूची ७ मा सेवा शुल्क र दस्तुर सम्वन्धि व्यवस्था छ । पालिकाले घरको नक्सा पासको लागि १००० वर्गफीट भित्र र सो भन्दा माथिको लागि विभीन्न ४ वटा दरहरु र नक्सा नियमित तथा अभिलेखनको लागि समेत विभीन्न ४ वटाहरु दरहरु तोकेको पाईयो । सो नक्सापासको दर न्यूनतम मात्रै देखिएको र नेपाल सरकारले भूकम्प पश्चात् पटक पटक नक्सा नियमित तथा अभिलेखनको लागि दिएको सूचना अनुसार अभिलेखनमा नआएका घरधनिहरुको लागि तोकिएको दस्तुर नयाँ घर निर्माणको लागि तोकिएको दस्तुर भन्दा अत्यन्तै न्युन रहेको पाईयो । पालिकाले राजश्व परामर्श समितिको सुझाव सहित सेवा, शुल्क र दस्तुरमा पुनरावलोकन गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>यातायात सुविधा - स्थानीय तहका पदाधिकारी तथ सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७६को दफा ४ मा सदस्यले अनुसूची बमोजिमको रकम यातायात सुविधा पाउने तर कुनै सदस्यले यातयात सुविधा बापत कुनै सवारी साधन पाएको भए यातयात सुविधा बापतको रकम नपाउने व्यवस्था छ। नगरपालिकाले सवारी साधन पाएका निम्न पदाधिकारीलाई यातयात सुविधा उपलब्ध गराएकोले दोहोरो सुविधा असुल गर्नुपर्ने रु.
<table>
<tr><th>पदाधिकारीको नाम</th><th>लिइएको सुबिधा रकम</th><th>रकम कर कट्टी बाहेक</th><th>कैफियत</th></tr>
<tr><td>वडा न.२ अध्यक्ष उदय ब. थापा</td><td>४८,०००</td><td>४७,५२०</td><td>श्रावणदेखि कार्तिक सम्मको</td></tr>
<tr><td>वडा न.३ अध्यक्ष थम्मन ब. के.सी</td><td>४८,०००</td><td>४७,५२०</td><td>श्रावणदेखि कार्तिक सम्मको</td></tr>
</table>
</td><td>५२२,७२०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>वडा न.५अध्यक्ष हरि प्र शर्मा खनाल</td><td>४८,०००</td><td>४७,५२०</td><td>श्रावणदेखि कार्तिक सम्मको</td></tr>
<tr><td>वडा न.६ अध्यक्ष गन ब. गुरुङ्ग</td><td>४८,०००</td><td>४७,५२०</td><td>श्रावणदेखि कार्तिक सम्मको</td></tr>
<tr><td>वडा न.८अध्यक्ष भरत भलामी</td><td>४८,०००</td><td>४७,५२०</td><td>श्रावणदेखि कार्तिक सम्मको</td></tr>
<tr><td>वडा न.९ अध्यक्ष नारायण सुनार</td><td>४८,०००</td><td>४७,५२०</td><td>श्रावणदेखि कार्तिक सम्मको</td></tr>
<tr><td>वडा न.१०अध्यक्ष पदम प्रसाद अर्याल</td><td>४८,०००</td><td>४७,५२०</td><td>श्रावणदेखि कार्तिक सम्मको</td></tr>
<tr><td>वडा न.११ अध्यक्ष खुम ब. राना</td><td>४८,०००</td><td>४७,५२०</td><td>श्रावणदेखि कार्तिक सम्मको</td></tr>
<tr><td>वडा न.१२ अध्यक्ष कुल ब.टण्डन</td><td>४८,०००</td><td>४७,५२०</td><td>श्रावणदेखि कार्तिक सम्मको</td></tr>
<tr><td>वडा न.१३ अध्यक्ष खुम ब. खत्री</td><td>४८,०००</td><td>४७,५२०</td><td>श्रावणदेखि कार्तिक सम्मको</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>वडा न.१४ अध्यक्ष शेर ब. पहराई</td><td>४८,०००</td><td>४७,५२०</td><td>श्रावणदेखि कार्तिक सम्मको</td></tr>
<tr><td>जम्मा</td><td>५,२८,०००</td><td>५,२२,७२०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६७</td><td></td><td></td><td>
वडाका कार्यालयबाट खरिद - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीयतहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्णढंगवाट सम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाको को खरिद व्यवस्थापन सम्बन्धमा परीक्षणगर्दा वडा कार्यालयको लागि आवश्यक सामग्री खरिद गर्दा वडा कार्यालय आफैले माग फारमतयार गर्ने, खरिद आदेशदिने, वडामै जिन्सी दाखिला भएकोभनी विल सहित भुक्तानीको लागि माग गरेको आधारमा कार्यालयले भुक्तानी दिएको देखियो।बजेट संचालन गर्ने निकायवाट सामग्री खरिद गरी जिन्सी अभिलेखमा चढाई हस्तान्तरण मार्फतवडा कार्यालयमा दिनुपर्ने र वडाले आफूले प्राप्त गरेको सामग्री जिन्सी आम्दानी गर्नुपर्नेमासो नगरेको कारण एकिकृत जिन्सी अभिलेख तयार भएको देखिएन। बजेट संचालन नगर्ने निकायवाटगरेको खरिद एकिकृत जिन्सी अभिलेख खातामा आम्दानी बाध्नुपर्ने रु.
<table>
<tr><th>गौ.भौ.नमिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>४०३/२०७९/१/१२</td><td>सोफा सेट, स्टिल दराज लगायतका साम्रगी वडा न.८</td><td>१,०७,७९०।-</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१,०७,७९०।-</td></tr>
</table>
(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९ । १२ । २० को निर्णयबाट रु.४८२३०० ।- सम्परीक्षण गरिएको ।)
</td><td>१०७,७९०</td></tr>
<tr><td>६८</td><td></td><td></td><td>औषधिखरिद - पालिकाले यस बर्ष कार्यालयले रु.४,७९,९८२।-को भेटेनरी औषधि विभिन्न फर्महरुबाट पटक पटक गरी सोझै खरिद गरेको छ। खरिद गरेका उक्त औषधिहरु कुन औषधि कम्पनीबाट उत्पादन भएको होर आपूर्ति भएका औषधी एव सर्जिकल सामान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको, औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन नगरेको तथा वितरणको भरपाई अद्यावधिक नराखेको कारण औषधिको गुणस्तर र कृषकहरुले प्राप्त गरेको सम्बन्धमा एकिन गर्न सकिएन। पालिकाले यसमा सुधार गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>६९</td><td></td><td></td><td>करारका कर्मचारीलाई सुविधा - सामान्य प्रशासन मन्त्रालयको मिति २०७४/१/२५को परिपत्र अनुसार स्वीकृत दरबन्दी करारमा रहेका व्यक्तिलाई मात्रचाड पर्व खर्च, पोशाक सुविधा उपलब्ध गराउने उल्लेख छ। नगरपालिकाले दरबन्दी भन्दा बाहिरको करारमा कार्यरत निम्न व्यक्तिलाई चाडपर्व खर्च, पोशाक सुविधा रकम रु.११५२००।-उपलब्ध गराएकोले परिपत्र विपरित भएकोले नियमसम्मत नदेखिएको रु.</td><td>११५,२००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>सि.न</th><th>कर्मचारीको नाम पद</th><th>चाडपर्व खर्च ,पोशाकसुविधा</th></tr>
<tr><td>१</td><td>बालविकास सहजकर्ता मिना कुँवर</td><td>२५,०००।-</td></tr>
<tr><td>२</td><td>बालविकास सहजकर्ता अम्बिका के सी</td><td>२५,०००।-</td></tr>
<tr><td>३</td><td>बालविकास सहजकर्ता शुरुमा श्रेष्ठ</td><td>२५,०००।-</td></tr>
<tr><td>४</td><td>ल्याब असिन्टेन्ट दिनेश पन्थी</td><td>४०,२००।-</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१,१५,२००।-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७०</td><td></td><td></td><td>अन्य सुविधा - लुम्बिनीप्रदेश अन्तरगर्त स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७६ को दफा १४ (२)मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐन निर्धारण गरेकोसुविधा वाहेक अन्य सुविधा लिन पाउने छैन भन्ने उल्लेख छ । नगरपालिका जनप्रतिनिधिहरुले निम्न कार्यक्रममा सहभागी भएबापत जनप्रतिनिधिले भत्ता लिएको पाइयो बैठक खर्च पाउने आधार र ऐनले निर्धारण गरेकोसुविधा वाहेक अन्य सुविधा लिएकोले नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>गौ.भौ.नमिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>६७४/२०७९/३/२४</td><td>पन्चवर्षीय योजना निर्माण ७४ जना जनप्रतिनिधि</td><td>२,०९,०००।-</td></tr>
<tr><td>६७७/२०७९/३/२४</td><td>सुरक्षित आप्रवास परियोजनाको अन्तरक्रिया कार्यक्रममा सहभागि भएबापत २६ जना</td><td>२६,०००।-</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२,३५,०००।-</td></tr>
</table>
</td><td>२३५,०००</td></tr>
<tr><td>७१</td><td></td><td></td><td>नाफामुलक संस्थालाइ अनुदान - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले निम्नानुसारका सहकारी संस्थाको लागी लागि यसवर्ष रु.११,९८,५२५।-खर्च लेखेको छ । नाफा कमाउने उद्देश्यले स्थापित भएका संस्थाको सम्पत्ति विक्रि वितरण संस्था स्वयंको अधिकार हुने भएकोले यस्तो खर्च रकमलाई न्युन गर्दै जानुपर्ने देखिन्छ । पालिकाले सो सम्वन्धमा नाफामूलक संस्था नभई उत्पादनमूलक भएकोले निकासा दिएको जनाएको छ
<table>
<tr><th>संस्थाको नाम</th><th>कामको विवरण</th><th>लागत अनुमान</th><th>गा.पा बाट भुक्तानी</th></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>पराल्मी महिला विकास कृषि तथा शहकारीसंस्था</td><td>कम्पूटर लगायतका सामान</td><td>१,११,१४०।-</td><td>९८,५२५।-</td></tr>
<tr><td>रेसुङ्गा कृषि पशु विकास महिला विकास कृषि तथा शहकारी संस्था</td><td>कोल्डरुम / पोर्टेबल कोल्ड च्याम्बर निर्माण</td><td>२२,५०,३५६।-</td><td>११,००,०००।-</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>११,९८,५२५।-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७२</td><td></td><td></td><td>जिन्सी दाखिला विवरण - आर्थिककार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा २८ (१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सी मालासामान सात दिनभित्र दाखिला गरी खडा गर्नुपर्ने व्यवस्था छ।नगरपालिकाले गौ.भौ.न २१९/२०७८/१०/२३ बाट रु.१,६१,८७५।-को डस्बिन, टेबल टप लगायतका सामान खरिद गरेकोमा जिन्सी दाखिला गरेको छैन।नगरपालिकाले उक्त सामानहरु जिल्ला प्रशासनमा हस्तान्तरण गरेको बुझियो। कार्यालयले ऐनबमोजिम दाखिला गरी मागबमोजिम हस्तान्तरण गर्नुपर्ने रु.</td><td>१६१,८७५</td></tr>
<tr><td>७३</td><td></td><td></td><td>उत्पादनमा आधारित अनुदान - नगरपालिकाले स्वीकृत कार्यक्रम अनुसार खर्च गर्नुपर्दछ।कृषि तथा पशु विकास वडा न. ६ को उत्पादनको आधारित अनुदान कार्यक्रममा रेसुङ्गा कृषि तथा पशु विकास महिला सहकारी संस्था सँग सम्झौता गरी १०० किलो भन्दा माथि जिउँदो खसी बोका विक्रि गर्ने सदस्यलाई प्रतिकिलो २५ अनुदान दिने व्यवस्था भएकोमा रु,२,१२,४०० को क्याटल दाना खरिद गरी ४३ किसानलाई वितरण गरेकोमा कृषकले कति उत्पादन गरेको बोकाको के.जी उल्लेख नगरेको,कति परिमाण दाना पाउने आधार बेगर वितरण गरेको छ। कृषकले कति उत्पादन गरेको बोकाको के.जी उल्लेख गरेको र कति परिमाण दाना पाउने आधार अद्यावधिक गरी खर्च लेख्ने तर्फ नगरपालिकाले ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>७४</td><td></td><td></td><td>बढि दर - सार्वजनिक खरिद नियामावलीको २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले लागत अनुमान तयार पार्दा उपभोक्ता समितिबाट हुने मोटरबाटो मर्मत कार्यको लागी भवन विभागको प्रयोग गरेको छ।कार्यालयले प्रयोग गरेको दर र सडक विभागले तयार गरेको नर्म्स को विश्लेषण गरी निम्न योजना मध्ये नमुना छनौटको आधारमा परीक्षण गर्दा निम्न योजनामा रु. १,९२,५६१/- बढि लागत पर्न गएको छ। आगामी दिनमा योजनाको लागत अनुमान मितव्ययी हुने किसिमले नर्म्स प्रयोग गरी लागत निर्धारण गरिनुपर्दछ।
<table>
<tr><th>योजनाको नाम</th><th>कामको विवरण</th><th>कार्यालयले राखेको दर</th><th>सडक विगागको नर्म्स अनुसार दर</th><th>बढीदर</th><th>कामको परिमाण(cm)</th><th>बढि लागत</th></tr>
<tr><td rowspan="3">कालिकोट चुदारा बस्ती गोरेटो बाटो</td><td></td><td rowspan="3">१५,१५१.८२</td><td rowspan="3">१२,१३७.७६</td><td rowspan="3">३०१४.०६</td><td rowspan="3">२३.४५</td><td rowspan="3">७०,६८०</td></tr>
<tr><td></td></tr>
<tr><td>पि.सि.सि.१.२.४</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>निर्माण उपभोक्ता समिति</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
|---|---|---|---|---|---|---|
| १९ | ३६९/२०७९/०३/१९ | चुन मोटर बाटो निर्माण | १११३७४ | चुन मोटर बाटो निर्माण उपभोक्ता समिति | शिद्धबाबा कन्स्ट्रक्सन निर्माण सेवा | ८९९६० |
| २० | ३१/२०७९/०३/२४ | बुढीचौर नाकेडाडा सानो थाम्का मोटर बाटो र कभर्डहल निर्माण | १०८२३२१ | बुढीचौर नाकेडाडा सानो थाम्का मोटर बाटो र कभर्डहल निर्माण उपभोक्ता समिति | मुडली कन्स्ट्रक्सन | २३१०००.२५ |
| २१ | ५/२०७८/०२/०३ | मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम - घोर्ले मा. वि. - ग्याविन वाल | ७७३६४५ | - | शाइन कन्स्ट्रक्सन प्रा. लि. | १२६१०.८ |
| २२ | १०/२०७९/०३/१५ | मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम - श्री सेउघा आधारभूत विद्यालय - तारजाली | ३००००० | - | पुष्पाञ्जली निर्माण सेवा | ११३४८०.२५ |
| २३ | १७२/२०७८/१२/०२ | मसिनापोखरी चिसाखोला उपल्लाकोट | ११२५०० | मसिनापोखरी चिसाखोला उपल्लाकोट चौर | रञ्जित रञ्जन कन्स्ट्रक्सन प्रा. लि. | ९२१८०.८८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td></td><td></td><td>चौर मोटरबाटो</td><td></td><td>मोटरबाटो उपभोक्ता समिति</td><td></td><td></td></tr>
<tr><td colspan="6">जम्मा</td><td>३०७११७८.३</td></tr>
</table></td><td></td></tr>
<tr><td>९७</td><td></td><td></td><td>वन पैदावार आयअसूल नभएको - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ -ख_ मा आफ्नो क्षेत्रभित्रको सामुदायीक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्वन्धी आफ्नो कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्वन्धित स्थानीयतहको संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालीकामा आफ्नो क्षेत्राधिकार भित्रको वन पैदावरको आम्दानी संचित कोषमा दाखिला भएको देखिएन। अतः पालीकाले आफ्नो क्षेत्राधिकार भित्रको सामुदायीक वन उपभोक्ता समितिले गरेको वन पैदावरको विक्रिको तथ्याङ्क डीभिजन वन कार्यालयबाट लिई वन पैदावरको विक्री वापत प्राप्त गरेको रकम यकिन गरी असूल गर्नेतर्फ पहल गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>९८</td><td></td><td></td><td>सेनीटरी प्याड खरीद</td><td></td></tr>
<tr><td>९८.१</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधारमानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । गाउँपालीकाले नियमावलीको व्यवस्था अनुसार २४०mm लम्वाई, ६० बाट ७५mm चौडाई एवं thickness १५ mm +- २ mm को सेनीटरी प्याडको लागत अनुमान तयार नगरी २४१४५ प्याड खरीदको लागि प्रति प्याड रु.७३।–ले हुने रु.१९९१७२१।–को लागत अनुमान तयार पारी बोलपत्रको सूचना २०७८।१२।२८ मा आव्हान गरेको पाईयो । सो खरीद कर्यको लागि ७ वटा वोलपत्र पेश भएकोमा प्राविधिक समितिको निर्णयबाट कम कवोल रु.७०९३८०।१० गर्ने फर्म झरना ईन्टरप्राईजेजको वोलपत्र स्पेसिफिकेसन अनुरुपको अल्ट्रा विंग्स नभएको आधारमा अस्विकृत गरी स्पेसिफिकेसन अनुरुपको कम कवोल रु.९०००९४।२१ (प्रति प्याड रु.३२।९९) गर्ने फर्म पोखरा सेनिटरी प्रोडक्टको वोलपत्र स्विकृत गरी २०७९।२।२० मा सम्झौता गरी खरीद गरेको एवं गो.भौ.२८९।०७९।३।२४ बाट भुक्तानी गरेको पाईयो । पालिकाले विद्यार्थिहरुले सम्वन्धित शैक्षिक शत्रमा प्रयोगमा ल्याउने गरी खरीद एवं वितरण गर्नुपर्ने उक्त स्वास्थ्य सामाग्री आर्थिक वर्षको तेस्रो चौमासिकमा मात्रै खरीद गरी उक्त सामाग्री सम्वन्धित विद्यार्थीले आवश्यकता अनुरुप प्रयोग गर्न नपाउने स्थिति देखियो । यस्ता सामाग्री शैक्षिक सत्र सुरु हुँदाको समयमा नै खरीद गरी बर्षभरी नै उपयोग हुनुपर्दछ । अतः पालीकाले लक्षित विद्यार्थीहरुलाई सुविधा उपभोगको वातावरण सृजना गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>९८.२</td><td></td><td></td><td>पालिकाले सेनीटरी प्याडको लागि विनियोजित वजेट वाँकि रहेको देखाई पुनः २८०mm लम्वाई, ६० बाट ७५mm चौडाई एवं thickness ३ mm +- १ mm को १०४१५ प्याड खरीदको लागि दरभाउपत्र माग गरी कम कवोल गर्ने फर्म पोखरा सेनिटरी प्रोडक्टको वोलपत्र स्विकृत गरी २०७८।२।२४ मा रु.९४१५१६।-सम्झौता गरेको पाईयो । सम्झौता अनुसारको सामान प्राप्त भएको आधारमा गो.भौ.२८९।०७९।३।२४ बाट भुक्तानी समेत गरेको छ ।</td><td></td></tr>
<tr><td>९८.३</td><td></td><td></td><td>पालिकाले खरीद गरेको उल्लेखित ३४५६० सेनिटरी प्याड जिन्सि खातामा मिति २०७९।३।२४ मा आम्दानी लेखेको छ । तर सो सेनिटरी प्याड लेखापरीक्षण अवधिसम्म समेत वितरण गरेको छैन । यसरी आर्थिक बर्षको अन्तिममा आएर खरीद गर्ने र सोको वितरण समेत नहुदा लक्ष्य अनुसारको उपलब्धी नहुने देखिन्छ । उल्लेखित सेनिटरी प्याड रु.१८४१६१०।–(३४५६० प्याड) को सम्वन्धित लाभग्राहिलाई वितरण गरी सोको भरपाई पेश हुनुपर्दछ, रु.</td><td>१,८४१,६१०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९९</td><td></td><td></td><td>नर्म्स भन्दा बढि भुक्तानी -<br><br>✂ ........... (प्रारम्भिक  प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९ /  १२ / २०  को निर्णयबाट रु. ३५०००.०० /- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>१००</td><td></td><td></td><td>दरवन्दि भन्दा बढि कर्मचारी  - स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८(ख) मा कसैले पनि कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै व्यक्तिलाई करारमा वा ज्यालादारीमा नियुक्त गर्न नपाईने व्यवस्था छ । त्यस्तै कर्मचारी समायोजन ऐन, २०७५ को दफा ९(१) मा कर्मचारी समायोजन गर्दा समेत प्रदेश वा स्थानिय तहको सेवामा स्विकृत भएको दरवन्दी पूर्ति हुन नसकी रिक्त रहेको अवस्थामा मात्र पुल दरवन्दि कायम भएका सम्वन्धित सेवा समूहका कर्मचारी मध्येबाट निज वहाल रहेको पदसँग मिल्दोजुल्दो तहको कर्मचारीलाई काजमा खटाउन सकिने व्यवस्था छ । पालिकामा स्वास्थ्य सेवाको लागि स्विकृत दरवन्दि अनुसारको जनशक्तीको पदपूर्ति रहेको अवस्थामा समेत ३ जना अ.न.मी. चौंथो, ६ जना अ.न.मी. पाँचौ, ५ जना अ.हे.व चौंथो र १ जना अ.हे.व पाँचौ गरी जम्मा १५ जना बढि कार्यरत रहेको विवरण पालिकाले उपलव्ध गराएको छ । यसरी ऐन नियममा व्यवस्था भएको भन्दा बढि एवं स्विकृत दरवन्दि भन्दा अत्याधिक कर्मचारीलाई काजमा राखि बार्षिक रु.६५२१८०२।- बढि व्ययभार पारेको देखिन्छ । यस्तो खर्च रकम नियमसम्मत नदेखिएको, रु.</td><td>६,५२१,८०२</td></tr>
<tr><td>१०१</td><td></td><td></td><td>भरपाई वेगर खर्च –<br><br>✂ ........... (प्रारम्भिक  प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९ /  १२ / २०  को निर्णयबाट रु. ४६७५.०० /- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>१०२</td><td></td><td></td><td>विद्यालयलाई लाईव्रेरी व्यवस्थापन - कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८।७९ को क्रियाकलाप नं ९.५ मा विद्यालयलाई लाईव्रेरी व्यवस्थापनको लागि विद्यार्थि संख्या उच्च रहेका, विगत बर्षहरुमा अनुदान नपाएका, पुस्तकालय व्यवस्थापनको लागि आवश्यक कक्षाकोठा र भौतिक पूर्वाधार रहेका र पुस्तकालय नरहेका माध्यमिक विद्यालयलाई प्राथमिकतामा राखि आवश्यकता अनुसार आधारभूत विद्यालयहरुलाई समेत एकमुष्ठ रु.६५००००.०० निकासा दिने व्यवस्था छ । त्यस्तै स्थानिय तहले इन्टरनेटको पहुँच भएका तथा विधुतको नियमित आपूर्ति भएका विद्यालयहरुबाट प्रस्तावको आधारमा विवरण संकलन गर्नुपर्ने व्यवस्था छ । माध्यमिक तहमा अंग्रेजी र विज्ञान बिषय पढाईरहेका, कम्प्युटर ऐच्छिक विषयको रुपमा अध्यापन गराईरहेका एवं शिक्षकले ।CT का माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरण सहितको प्रस्ताव समेत विद्यालयहरुबाट संकलन गरी प्राथमिकिकरणका आधारमा पालिकाबाट विद्यालय छनौट गर्ने उल्लेख छ । यसरी छनौट भएका विद्यालयले आवश्यक सामान खरीद गर्दा नमूना विद्यालय संचालन निर्देशिका, २०७४ र सार्वजनिक खरीद ऐन अनुसार गर्नुपर्ने उल्लेख छ । पालिकाले यस आर्थिक बर्षमा देहायका विद्यालयलाई निकासा दिएकोमा सो छनौटको स्पष्ट आधार देखिएन । साथै निम्नानुसारको कार्य गर्दा विद्यालयले सार्वजनिक खरीद ऐन अनुसार गर्नुपर्नेमा सो अनुसार गरेको नपाईएको र विद्यालय जिन्सी खातामा दाखिला भए नभएको प्रमाण पेश हुन आएन । अतः कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेको सूचकको आधारमा निर्णय प्रकृया गर्नुपर्ने साथै विद्यालयलाई समेत सार्वजनिक खरीद ऐन अनुसार र शर्त अनुसारको कार्य गर्न लगाउनुपर्ने देखिन्छ ।<br><br>
<table>
<tr><th>सि.नं</th><th>विद्यालय</th><th>विज्ञान प्रयोगशाला</th><th>ICT</th><th>लाईव्रेरी व्यवस्थापन</th></tr>
<tr><td>१</td><td>राङ्गवास मा.वि</td><td>६५००००.००</td><td>-</td><td>-</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>जनविकास मा.वि</td><td>६५०००००.००</td><td>-</td><td>-</td></tr>
<tr><td>३</td><td>सिद्दबाबा मा.वि</td><td>-</td><td>६५०००००.००</td><td>-</td></tr>
<tr><td>४</td><td>घोर्ले मा.वि</td><td>-</td><td>६५०००००.००</td><td>-</td></tr>
<tr><td>५</td><td>भगभती मा.वि</td><td>-</td><td>-</td><td>६५०००००.००</td></tr>
<tr><td>६</td><td>त्रीभुवन मा.वि.</td><td>-</td><td>-</td><td>६५०००००.००</td></tr>
<tr><td>७</td><td>बुद्ध मा.वि.</td><td>-</td><td>-</td><td>६५०००००.००</td></tr>
<tr><td colspan="2">जम्म</td><td>१३००००००.००</td><td>१३००००००.००</td><td>१९५०००००.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१०३</td><td></td><td></td><td>बढि निकासा - पालिकाले शिक्षक किताबखानाबाट २०७८।७।१४ मा पारीत तलवि प्रतिवेदन अनुसारको दरमा शिक्षकहरुको तलव विद्यालयहरुको खातामा निकासा गर्नुपर्दछ । तर पालिकाले रेसुङ्गा मा.वि. का प्रा.वि.द्धि. शिक्षक विवश कुमार पुरीको नाममा शिक्षक किताबखानाबाट ७ ग्रेड पारीत भएकोमा ८ ग्रेडका दरले निकासा दिएको पाईयो । यसरी पारीत ग्रेड भन्दा बढि निकासा रु.९९७०।– विद्यालय खातामा निकासा दिएको पाईयो । अतः सो बढि निकासा रकम असूल हुने, रु.</td><td>९,९७०</td></tr>
<tr><td>१०४</td><td></td><td></td><td>खर्चखाता फ्रिज गरेको - स्थानीयसरकारसञ्चालनऐन, २०७४ को दफा ७५ मा एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा स्थानीय सञ्चित कोष मा स्वतःफिर्ता हुने व्यवस्था छ । कार्यालयले आर्थिक वर्षको अन्त्यमा चालु शिर्षकको रु.१,३८,२८,५७९/२३ खर्च नभई खर्च खातामै मौज्दात रहेको छ ऐनको प्रावधान अनुसार आर्थिक वर्षको अन्त्यमा खर्चखातामा मौज्दात रहेको रकम स्थानीय सञ्चित कोष फिर्ता हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>१०५</td><td></td><td></td><td>पोषण कार्यक्रम - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजम रित पुगे नपुगेको चेक जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहको छ । साथै अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका, २०७७ मा तालिमको लागि तोकेको नर्म्स अनुसारको खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले मिति २०७८।७।११ देखि ७।१७ सम्म र २०७८।७।२३ देखि ७।२९ सम्म पोषण तालिम संचालन गरेको खर्चको सोधभर्ना ज.स्वा.अ.बोम बहादुर अर्याललाई गो.भौ.१९०।०७९।३।९ बाट रु.५१२४९८।–भुक्तानी गरेको छ । उक्त कार्यक्रमको विल भरपाई परिक्षण गर्दा प्रशिक्षक, सहभागी र सोमा लाग्ने खर्चको अलावा ५० वटा दोसल्ला खरीदमा रु.१९७५०।– र राम्रो खालको फ्रेम खरीदमा रु.४४०००।–गरी जम्मा रु.६७७५०।–नर्म्स भन्दा बढि खर्च गरेको पाईयो । यसरी स्विकृत नर्म्स भन्दा बढि खर्च दावि गर्दा बढि व्ययभार पारेको रकम नियमसम्मत नदेखिएको, रु.</td><td>६७,७५०</td></tr>
<tr><td>१०६</td><td></td><td></td><td>लघुउद्यम कार्यक्रम</td><td></td></tr>
<tr><td>१०६.१</td><td></td><td></td><td>पालिकाले बार्षिक कार्यक्रम अनुसार यस बर्ष लघुउद्यम अन्तर्गत तरकारी खेति तालिम २८ जना, डल कुसन तालिम ४ जना, व्युटिपार्लर तालिम १० जना, लेडिज व्याग तालीम १६ जना, बेकरीज तालीम ५ जना, चुरापोते तालिम ११ जना, कुखुरा पालन २३ जना, बाख्रा पालन १८ जना, माहुरि पालन ३ जना र बंगुर पालन ३ जनालाई उपलव्ध गराएको पाईयो । तालिम सम्पन्न गरे पश्चात अधिकांश कार्यक्रमका सहभागिहरुलाई लघुउद्यमका तालिम सामाग्री समेत वितरण गरेको छ । तर पालिकाले सार्वजनिक निकायबाट उपलब्ध गराईएको तालिम र सामाग्री अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न समय समयमा अनुगमन गर्नुपर्नेमा पालिकाले</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अनुगमनको रेकर्ड अद्यावधिक गरेको छैन । अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| १०६.२ | | | पालिकाले बार्षिक कार्यक्रम अनुसार यस बर्ष लघुउद्यमका विभिन्न १० तालिम संचालन गरेकोमा तालिम संचालनको लागि आवश्यकपर्ने दक्ष जनशक्तीको रोष्टर तयार गरेको छैन जसले गर्दा आवश्यकता एवं पहुचको आधारमा मात्रै प्रशिक्षक लिने गरेको पाईयो । यस बर्ष पालिकाले उपलव्ध गराएको तालिमहरु मध्ये तरकारी खेति तालिम, बंगुर पालन, माहुरि पालन, बाख्रा पालन र कुखुरा पालनको लागि एक मात्रै प्रशिक्षक त्रीलोचन दाहालबाट प्रशिक्षण गराएको पाईयो । साथै पालिकाले एक जना प्रशिक्षकले दिनमा कति तालिम दिनमिल्ने भन्ने सम्वन्धमा समेत निर्धारण नगर्दा दिनमा ३ वटा शेसन समेत लिएको अवस्था छ । पालिकाले उपलव्ध गराउने तालिम सम्वन्धित बिषयको विज्ञबाट दिने तथा सो तालिमको प्रभावकारीता सम्वन्धमा समेत ध्यानदिनुपर्ने देखिन्छ । | |
| १०७ | | | **पकेट विकास कार्यक्रम** | |
| १०७.१ | | | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को परिच्छेद–४ को ४.१.९ मा पकेट विकास कार्यक्रममा सहभागि हुनको लागि नियमानुसार दर्ता भएका कृषक समुह वा उपभोक्ता समितिहरुबाट प्राप्त निवेदनहरु मध्येबाट अनूसूचि ९ मा उल्लेखित मापदण्ड पुरा गरेका मध्येबाट प्राथमिकताको आधारमा कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ । पालिकाले गत बर्षको निरन्तरता अन्तर्गत जनमुखि कृषि सहकारी संस्था ली. वडा नं-४ लाई खुल्ला तरकारी खेति अन्तर्गत गो.भौ.२३४।०७९।३।२१ बाट रु. ५७४९०४।– भुक्तानी दिएको पाईयो । सो सम्वन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छन् । | |
| १०७.२ | | | जनमुखि कृषि सहकारी संस्था ली. रेसुङ्गा-४ ले ७ HP को मिनि टिलर ७ वटा प्रति पिस रु.६५०००।–का दरले खरीद गरेको विल भरपाई पेश गरेको छ । लागत साझेदारीमा संचालन हुने उक्त कार्यक्रमबाट खरीद भएको सामाग्री सोहि दिनमा सोहि फर्मसँग ( लक्ष्मी एग्रो सप्लायर्स, तम्घास) प्रधानमन्त्री कृषि आधुनिकिकरण परीयोजना अन्तर्गतको उपभोक्ताले प्रति पिस रु.५५५००।– का दरले खरीद गरेको साथै सो अवधिको कम्पनिको दर समेत न्युन देखिन्छ । यसरी हेर्दा प्रति पिस रु.९५००।–ले हुने जम्मा रु.६६५००।–बढि व्ययभार परेको देखिन्छ । पालिकाले अनुदानको सहि र समुचित व्यवस्थापन एवं सदुपयोगमा ध्यान दिनुपर्दछ । | |
| १०८ | | | **बाख्रा पकेट कार्यक्रम** - पालिकाले बार्षिक कार्यक्रम अनुसार यस बर्ष बाख्राको साना व्याबसायीक कृषि उत्पादन केन्द्र(पकेट विकास) को लागि रेसुङ्गा सिद्धबाबा बाख्रा पकेट विकास समिति वडा नं ३ र १४ लाई अनुदान कार्यक्रम दिनेगरी निर्णय भएको पाईयो । बाख्रा पकेट कार्यक्रम अन्तर्गत खोर सुधारको लागि वडा नं ३ का वडा अध्यक्ष थम्मन बहादुर के.सी.बाट २०७८।११।२ मा विभीन्न २५ जनालाई दिने र वडा नं १४ का वडा अध्यक्ष शेर बहादुर पहराईले विभिन्न २५ जनालाई दिने गरी सिफारीस गरेको र सोहि सिफारीस एवं निर्णयको आधारमा खर्च गर्नुपर्ने देखिन्छ । तर पालिकाले सिफारीस र निर्णय वेगर देहायका कृषकहरुलाई रकम रु.१८०००।–का दरले गो.भौ. २४९।०७९।३।२२ बाट रु.९०००००।-भुक्तानी दिएको पाईयो । यसरी निर्णय वेगरको भुक्तानी रकम रु. नियमसम्मत नदेखिएको, रु. | ३६०,००० |

| सि.नं | वडा नं | भुक्तानी कृषक | रकम रु. |
|---|---|---|---|
| १ | वडा नं ३ | कर्ण ब. कुँवर | १८०००.०० |
| २ | वडा नं ३ | खड्क ब. कुँवर | १८०००.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ३ | वडा नं ३ | ईन्द्र ब. कुँवर | १८०००.०० |
| ४ | वडा नं ३ | मेहर सिं कुँवर | १८०००.०० |
| ५ | वडा नं ३ | उदय वेल्वासे | १८०००.०० |
| ६ | वडा नं ३ | जित ब. कुँवर | १८०००.०० |
| ७ | वडा नं ३ | निम ब. कुँवर | १८०००.०० |
| ८ | वडा नं ३ | राम ब. मगर | १८०००.०० |
| ९ | वडा नं ३ | राजेन्द्र खत्री | १८०००.०० |
| १० | वडा नं ३ | चन्द्र ब. खत्री | १८०००.०० |
| ११ | वडा नं ३ | कुवारी कुँवर | १८०००.०० |
| १२ | वडा नं ३ | राम ब. कुँवर | १८०००.०० |
| १३ | वडा नं ३ | युवराज कुँवर | १८०००.०० |
| १४ | वडा नं ३ | रण ब. कुँवर | १८०००.०० |
| १५ | वडा नं ३ | भिम ब. कुँवर | १८०००.०० |
| १६ | वडा नं १४ | याम ब. सोमै | १८०००.०० |
| १७ | वडा नं १४ | नेत्र ब. पेमी | १८०००.०० |
| १८ | वडा नं १४ | कृष्ण सोमै | १८०००.०० |
| १९ | वडा नं १४ | श्यामकला रजाली | १८०००.०० |
| २० | वडा नं १४ | वाटुली सूर्यवंशी | १८०००.०० |
| **जम्मा** | | | **३६००००.००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०९ | | | **रेसुङ्गा सिद्धवावालाई अनुदान** | |
| १०९.१ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजम रित पुगे नपुगेको चेक जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहको छ । पालिकाले गो.भौ.२५०।०७९।३।२२ बाट रेसुङ्गा सिद्धबाबा बाख्रा पकेट विकास समिति वडा नं ३ र १४ लाई वोका खरीदको लागि अनुदान रु.६०००००।–अनुदान दिएको छ । समितिले पेश गरेको विल भरपाई परीक्षण गर्दा देखिएको विवरण निम्नानुसार छन् । | |
| १०९.२ | | | ***........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९ । १२ । २० को निर्णयबाट रु. २७२५०.०० ।- सम्परीक्षण गरिएको ।)*** | ० |
| १०९.३ | | | समितिले कल्पना पोल्टि एण्ड लाईभस्टक फर्मबाट २ वटा र वोयर तथा खरीबाख्रा पालन केन्द्रबाट २ वटा वोयर वोका प्रति बोका रु.५५०००।–का दरले खरीद गरेको विल पेश गरेको छ । तर समितिले सो वोयर वोका के कति के.जी.को थियो विलमा उल्लेख गरेको छैन जसले गर्दा खर्च दावी रकम यथार्थपरक छ भनी आश्वस्त हुन सकिएन । | |
| १०९.४ | | | पालिकाले भुक्तानी दिएको रकमको वोयर वोका समितिले खरीद गरी वितरण कस-कसलाई गरेको छ सोको विवरण पालिकामा पेश गरेको छैन । जसले गर्दा अनुदान रकमको सहि सदुपयोग भएको छ भनि आश्वस्त हुन सकिएन । अतः सोको प्रमाणित कागजात सहितको अनुगमन प्रतिवेदन समेत पेश हुने, रु. | २२०,००० |
| ११० | | | **कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियामावली २०६४कोनियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्रसम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्सा कार्य सार्वजनिक निकायमा पेश गर्नु पर्ने, खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भइसकेपछि सम्झौता बमोजिम निर्माण कार्यको त्रुटि सच्याउनेदायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको यकिन गरी समयमा नै दाबी गर्नुपर्ने यस्तो दाबी गर्दा सम्बन्धित सार्वजनिक निकायले प्रत्येक महिनाको कार्य प्रगति देखिने गरी अभिलेख तयार गरीसम्बन्धित अधिकारीबाट प्रमाणित गराई राख्नुपर्ने,सार्वजनिक निकायले सो बमोजिमको अभिलेखको जानकारी सार्वजनिक खरिद अनुगमनकार्यालयलाई गराउनुपर्ने र त्यस्तो अभिलेख सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणाली,वेबसाइट वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने, कुनै निर्माण कार्य सम्पन्न भई त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखलेत्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ, डिजाइन वा स्पेसिफिकेसन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाटजाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्ने, सो बमोजिम कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा उक्त अभिलेख समेत संलग्नगर्नुपर्ने, उपनियम (२) बमोजिम जाँचबुझ गर्ने प्राविधिकले सम्पन्न निर्माण कार्य स्वीकृत ड्रइङ, डिजाइन वा स्पेसिफिकेसनबमोजिम भए नभएको जाँच गरी सार्वजनिक निकाय समक्ष प्रतिवेदन पेश गर्नुपर्ने,यसरी निर्माण भएको नक्सा र उपनियम (३) बमोजिम पेश भएको कार्य सम्पन्नप्रतिवेदन सम्बन्धित सार्वजनिक निकायले बोलपत्र स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नु पर्ने र सार्वजनिक निकायकाप्रमुख र बोलपत्र स्वीकृत गर्ने अधिकारी एउटै व्यक्ति भएमा निजभन्दा एक तह माथिको अधिकारी समक्ष पेश गर्नु पर्ने, उपनियम (४) बमोजिमको अधिकारीले आवश्यक देखेमा कार्य सम्पन्न प्रतिवेदनमा उल्लिखित विषयका सम्बन्धमाआफैँले जाँचबुझ गर्न वा कुनै प्राविधिक कर्मचारी वा प्राविधिक कर्मचारीहरुको टोली मार्फत जाँचबुझ गराउन सक्ने, उपनियम (५) बमोजिम जाँचबुझ गर्दा सम्पन्न निर्माण कार्य स्वीकृत ड्रइङ, डिजाइन वा स्पेसिफिकेसन बमोजिमभएको पाइएमा त्यस्तो अधिकारीले त्यस्तो निर्माण कार्य स्वीकृत गर्नु पर्ने , उपनियम (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (४) बमोजिम कार्यसम्पन्न प्रतिवेदन पेश भएकोमितिले पैंतालीस दिनभित्र उपनियम (५) बमोजिम जाँचबुझ गर्ने कार्य सम्पन्न नभएमा त्यस्तो निर्माण कार्य स्वतःस्वीकृत भएको मानिने, यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (३) बमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदनदस लाख रुपैँयासम्मको निर्माण कार्यको हकमा भए सम्बन्धित सार्वजनिक निकायको प्रमुख प्राविधिक भए निज आफैलेजाँच गरी र प्राविधिक नभए अन्य प्राविधिक कर्मचारीबाट जचाउन सक्नेछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
त्यसरी जाँच गर्दा वा गराउँदा त्यस्तो निर्माणकार्य स्वीकृत ड्रइङ, डिजाइन वा स्पेसिफिकेसन बमोजिम भएको पाइएमा निजले कार्य सम्पन्न प्रतिवेदन स्वीकृत गर्नपर्ने र कार्य सम्पन्न भएको कुराको जानकारी एक तह माथिको अधिकारीलाई दिनु पर्ने, यस नियम बमोजिम कार्य सम्पन्न प्रतिवेदन स्वीकृत भएपछि सार्वजनिक निकायले सम्बन्धित निर्माण व्यवसायीलाईकार्यसम्पन्न प्रतिवेदन (वर्क कम्प्लिसन सर्टिफिकेट) दिनु पर्ने व्यवस्थाछ।नगरपालिकालेलेयस वर्ष सम्पन्न भएका निम्न ठेक्का कार्य गर्दा नियामावलीको उपरोक्त प्रावधान बमोजिम कार्यसम्पन्न प्रतिवेदन स्वीकृत गरेको छैन।
<table>
<tr><th>योजना/कार्यक्रमको नाम</th><th>फर्मकोनाम</th><th>लागतअनुमान</th><th>सम्झौतामिति</th><th>सम्झौतारकम रु.</th><th>सम्पन्नभएको मिति</th><th>कुलमूल्यांकन रकम</th></tr>
<tr><td>काभ्रेसल्लेरी तोलङ्ग भाल्दी जावुने फेदी अर्घाखाँची सडक</td><td>शुष्माकरिश्मा निर्माण सेवा प्रा.ली.</td><td>५०१०८८६</td><td>१४/०८/२०७८</td><td>२९१६००७.२७</td><td>०१/१२/२०७८</td><td>२८९५५९१.३७८</td></tr>
<tr><td>भेटेनरीलाइन सडक मर्मत</td><td>रेसुङ्गादर्शन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.</td><td>५००००००</td><td>२०/०८/२०७८</td><td>३५३५३२३.२३</td><td>२८/१२/२०७८</td><td>३५३३५८८.६३३</td></tr>
<tr><td>महेन्द्रमा.वि. भवन निर्माण</td><td>शुष्माकरिश्मा निर्माण सेवा प्रा.ली.</td><td>७००००००</td><td>०९/०९/२०७८</td><td>४५४९४८३.८४</td><td>२४/०३/२०७९</td><td>४५४५४०४.५४२</td></tr>
<tr><td>उर्लेनीडाँडा श्यालटाकुरा डाँडा दमही सडक</td><td>स्टारविन्दावासिनी कन्स्ट्रक्सनप्रा.लि.</td><td>५००६०६७</td><td>२०/०८/२०७८</td><td>२६३७५०२.१५</td><td>२४/०३/२०७९</td><td>२३७१५८६.२३५</td></tr>
<tr><td>गौमुखेधारासानी पिपला तिन दो बाटो सडक</td><td>रेसुङ्गारोज विल्डर्स प्रा.लि.</td><td>५००००००</td><td>०५/०९/२०७८</td><td>३१०७१६२.९३</td><td>१५/१२/२०७८</td><td>३१०५९५७.७३७</td></tr>
<tr><td>समग्रसडक निर्माण</td><td>व्यस्टर्नपपुलर नाइजोल जे.भि.</td><td>५०१०३९७.५४</td><td>१०/०८/२०७८</td><td>२४४१०३५.५५</td><td>०२/१२/२०७८</td><td>२४३०९१२.२५७</td></tr>
<tr><td>दहरैया अर्घाखाँची सडक र दह तङ्गनाम सडक</td><td>नुतननिर्माण सेवा प्रा.लि.</td><td>५००००००</td><td>०६/०९/२०७८</td><td>३११२३०९.२४</td><td>२०/१०/२०७८</td><td>३१०६३०९.७७४</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| जोगीथुमभगवती मन्दिर निर्माण | सूर्योदयकन्स्ट्रक्सन | ६०००००० | २९/०९/२०७८ | ४९२९३५.६५ | २५/०३/२०७९ | ३४२३८७७.४५५ |
| पराल्मीताम तारनेटा खुट्टेखोला लिफ्टिङ्ग खानेपानी आयोजना | अर्जुन-सुष्मासृष्टि जे.भि. | १०४००००० | ०२/११/२०७८ | ८२१००४८.३५ | २५/०३/२०७९ | ८०३६४७६.५०४ |
| अर्खलेस्वास्थ्य चौकी लाई पुजिगत सुधार | यात्राकन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | १०००००० | १०/१०/२०७८ | ६९६००२.६३ | २५/११/२०७८ | ६९५८३१.६८७६ |
| गाउँकाधारापदेलपोखरा बाझापोखरी सडक तेश्रो | बि एण्ड डिनिर्माण सेवा | ८६९५७३.३१ | ०९/०३/२०७८ | ८६५८०५.४५ | ०७/१२/२०७८ | ८५२२५१.६५ |
| समग्रसडक निर्माण वडा नं. १ | जोग्माविल्डर्स | ५०००००० | ०५/०९/२०७८ | ४३७४२४४.२७ | २०/०३/२०७९ | ४३७१०८२.२८१ |
| चित्रेकामोठबेहोरे लब्दी सडक | नाइजलनिर्माण सेवा प्रा.लि. | ५०००००० | ०४/१०/२०७८ | २९४६५३१.२४ | १४/०३/२०७९ | २९३१३६८.३७ |
| श्रीमहेन्द्र मा.वि. प्रशासनिक भवन निर्माण | अर्जुनविल्डर्स एण्ड कन्स्ट्रक्शन प्रा.लि. | २४४०३९९.०९ | २८/१२/२०७८ | २३५६७९८.२९ | २४/०३/२०७९ | २३५०३९८.२९ |
| चित्रेकामोठबेहोरे लब्दी सडक दोश्रो | नाइजलनिर्माण सेवा प्रा.लि. | २०५३०३२.३ | १०/०२/२०७९ | १४२७९३१.५६ | २४/०३/२०७९ | १४०९७४४.१०७ |
| भेटेनरीलाइन सडक मर्मत दोश्रो | बि एण्ड डिनिर्माण सेवा | १४५६६११.८३ | २३/०१/२०७९ | ८९६६१४.९५ | १६/०२/२०७९ | ८९०९०१.९०८५ |
| गौमुखेधारासानीपिपला रुख तिनदोबाटो सडक दोश्रो | रेसुङ्गारोज विल्डर्स प्रा.लि. | १८९४९८७.६८ | २२/०१/२०७९ | १२२३७००.३९ | २३/०३/२०७९ | १२१९०७७.४१५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>मालपोतचोक सुनारटोल बगालेखोला सोता देउराली सडक दोश्रो</td><td>नुतननिर्माण सेवा प्रा.लि.</td><td>२१६००८६.५७</td><td>०१/११/२०७९</td><td>१६३६३६७०५.४४</td><td>१८/०२/२०७९</td><td>१६२८८१८.४१९</td></tr>
<tr><td>आधारभूततथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद</td><td>महेश फर्मा</td><td>१५०००००</td><td>०७/१२/२०७८</td><td>७६८०३०</td><td>०५/०३/२०७९</td><td>७६८०३०</td></tr>
<tr><td>समग्रसडक निर्माण दोश्रो</td><td>पुष्पाञ्जलीनिर्माण सेवा</td><td>२५३२२४०.९८</td><td>१३/०१/२०७९</td><td>१७२१५१२.१९</td><td>२३/०३/२०७९</td><td>१७०९८१७.७९</td></tr>
<tr><td>जावुनेट्र्स वृजको लागि फ्याब्रीकेटेड स्टील पार्टस खरिद</td><td>जुनकिरीइन्डष्ट्रिज प्रा.लि.</td><td>११४७७०३,०३</td><td>१७/१०/२०७८</td><td>१०४७५६२.४९</td><td>२०७९/३७</td><td>१०४६५३४.१८९</td></tr>
<tr><td>दहरैया अर्घाखाँची सडक र दह तङ्गनाम सडक दोस्रो</td><td>बि एण्ड डिनिर्माण सेवा</td><td>१८७२३२५</td><td>२३/०१/२०७९</td><td>१४००८७८.४५</td><td>२०/०३/२०७९</td><td>१३९४३.४१९</td></tr>
<tr><td>रे.न.पा.वडा नं.६ उपल्लो बालकाटे खानेपानी टंकी निर्माण</td><td>डी.कन्स्ट्रक्सन प्रा.लि.</td><td>१००००००</td><td>०३/०२/२०७९</td><td>८९९८०४.९५</td><td>२१/०३/२०७९</td><td>८९३७०७.०७९९</td></tr>
<tr><td>समग्रसडक निर्माण दोश्रो</td><td>सेनकन्स्ट्रक्सन प्रा.लि.</td><td>६२४२२८.६९</td><td>०२/१२/२०७८</td><td>४२९६९८.२२</td><td>२२/०३/२०७९</td><td>४१८७०७.०४६</td></tr>
<tr><td>सेनेटरीप्याड खरिद कार्य</td><td>पोखरासेनेटरी प्रोडक्टस</td><td>१९९१७२१</td><td>२०/०२/२०७९</td><td>९०००९४.२१</td><td>२४/०३/२०७९</td><td>९०००९४.२११५</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सृजनाप्रा.वि. भवन निर्माण</td><td>नाइजलनिर्माण सेवा प्रा.लि.</td><td>१५०००००</td><td>०४/११/२०७८</td><td>९९०९८६.९</td><td>२४/०३/२०७९</td><td>९३१७१०.१५६८</td></tr>
<tr><td>आधारभूतस्वास्थ्य केन्द्र तला थप वडा नं.९</td><td>नाइजलनिर्माण सेवा प्रा.लि.</td><td>१२०००००</td><td>०६/०१/२०७९</td><td>७९८९०५.७१</td><td>२४/०३/२०७९</td><td>७९३९०३.२४२६</td></tr>
<tr><td>काभ्रेसल्लेरी तोलङ्ग भाल्दी जावुने फेदी अर्घाखाँची सडक दोश्रो</td><td>सिद्धबाबाकन्सट्रक्सन निर्माण सेवा</td><td>१९९८१७०.१८</td><td>१३/०२/२०७९</td><td>१६४६०६३.२२</td><td>२५/०३/२०७९</td><td>१५५३७९०.६७५</td></tr>
<tr><td>ननकन्ट्याक्ट टोनोमीटर खरिद</td><td>हाईस्पीड कम्प्युटर</td><td>११३००००</td><td>०८/०३/२०७९</td><td>१११७५७०</td><td>२५/०३/२०७९</td><td>१११७५७०</td></tr>
<tr><td>आदशर्चोकखाप्रापाटा सेतो गुँरास सडक दोश्रो</td><td>डि.एन.डि.विल्डर्स प्रा.लि.</td><td>१३९३१३५.७७</td><td>२०/१२/२०७८</td><td>८००९२४.८२</td><td>२५/०३/२०७९</td><td>७७६६१२.७०४४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१११</td><td></td><td></td><td>कर्मचारी कल्याण कोष - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो बराबरले हुन आउने रकम थप गरी कर्मचारी कल्याणकोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कर्मचारीको तलव भुक्तानी गर्दा १०% कट्टी गरी कोषमा दाखिला गरेको छैन् । यस वर्ष नगरपालिकाले वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु ४०,००,००० ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । कानूनको व्यवस्था नगरी समानिकरण अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेको नियमसम्मत नदेखिएको रु.</td><td>४,०००,०००</td></tr>
<tr><td>११२</td><td></td><td></td><td>भुक्तानी वाँकी - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ (२) मा कार्यालयले चालु आर्थिक वर्षको वजेटले नखाम्ने र बढी खर्च हुने गरी दायीत्व सिर्जना गर्न नहुने उल्लेख छ । त्यस्तै सोही नियमावलीको नियम ३९(१३) मा चालु वर्षको वजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमासम्वन्धित कार्यालयले विल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकवाट स्विकृत ढाँचामा भुक्तानी दिन वाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र पालिकालेस्वीकृत गराई राख्नुपर्ने व्यवस्था छ । नगरपालीकाले यो वर्ष गत वर्षको भुक्तानी वाँकी रकम रु.२३,२८,५००/-भु’क्तानी खर्च लेखेकोमा भुक्तानी वाँकीको अभिलेख तयार गरेको पाईएन । पालीकाले अघिल्लो वर्षको भुक्तानी गर्नुपर्ने रकमको भुक्तानी वाँकीको विस्तृत विवरण तथा फाँटवारी तयार गरी भुक्तानी विवरण नियमानुसार प्रमाणित गराएर मात्र अघिल्लो वर्षको दायीत्वको भुक्तानी दिने व्यवस्था परिपालना नभएकोले अनियमित भएको रु.<br><br>
<table>
<tr><th>गौ,भौ.न/मिति</th><th>विवरण</th><th>रकम</th><th>कैफियत</th></tr>
</table>
</td><td>२,३२८,५००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४३/२०७८/७/</td><td>नेपाल नगरपालिका संघ</td><td>६५,०००।-</td><td>२०७४/७५ र २०७७/७८</td></tr>
<tr><td>१०७/२०७८/८/२९</td><td>जनप्रतिनिधिको सुविधा २०७६ कार्तिक देखि २०७७ असारसम्म</td><td>२०,४७,५००।-</td><td>कार्यपालिबाट निर्णय भएको।</td></tr>
<tr><td>१८२/२०७८/१०/१०</td><td>जनप्रतिनिधिको सुविधा २०७६ कार्तिक देखि २०७७ असारसम्म</td><td>२,१६,०००।-</td><td>कार्यपालिबाट निर्णय भएको।</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२३,२८,५००।-</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>११३</td><td></td><td></td><td>
थप पाठ्यपुस्तक वितरण - कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८।७९ को ३.१ मा विद्यालयको यकिन विद्यार्थी संख्याका आधारमा दोश्रो चौमासिक भित्र विद्यालयहरुलाई पाठ्यपुस्तक को रकम अनुदान दिने ऊल्लेख छ । यस्तो अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५% मात्रै अनुदान दिने र २०७९ बैशाखको विद्यार्थी भर्ना विवरण, पाठ्यपुस्तक खरीदको स्थिती र वितरण गरेको विवरणको आधारमा मात्रै नपुग भएको रकम पुनः विद्यालय खातामा निकासा दिनुपर्ने व्यवस्था छ । पालीकाले कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार निकासा दिनुपर्नेमा गो.भौ.१४५।०७९।२।११ बाट विभिन्न विद्यालयहरुलाई मागका आधारमा प्रथम किस्ता रु.२५५११२९।९९ र दोस्रो किस्ता गो.भौ.२५५।०७९।३।२३ बाट रु.७९०६३३।- निकासा दिएको पाईयो । तर यसरी विद्यालयहरुलाई रकम निकासा दिंदा देहायका विद्यालयहरुलाई रकम माग गरेको भन्दा बढि रकम निकासा दिएको पाईएकोले बढि निकासा रकम रु.२३२८७१.०० असूल गरी संघिय संचितकोष खातामा पठाउनुपर्ने देखिएको, रु.
<table>
<tr><th>सि.नं</th><th>विद्यालयको नाम</th><th>दिनुपर्ने निकासा</th><th>निकासा गएको</th><th>बढि निकासा</th></tr>
<tr><td>१</td><td>सिद्दबाबा मा.वि.</td><td>६२२६५७.</td><td>६८५९४९.</td><td>६३२९२.००</td></tr>
<tr><td>२</td><td>महेन्द्र मा.वि.</td><td>५२०७१२.</td><td>५९४७१५.</td><td>७४००३.००</td></tr>
<tr><td>३</td><td>उपल्लो तम्घास मा.वि.</td><td>१६१३३७.</td><td>१८००००.</td><td>१८६६३.००</td></tr>
<tr><td>४</td><td>जनसहयोग मा.वि.</td><td>१९५८५०.</td><td>२१३७५१.</td><td>१७९०१.००</td></tr>
</table>
</td><td>२३२,८७१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५</td><td>भगवती मा.वि.</td><td>११०८९१.</td><td>१२३३३०.</td><td>१२४३९.००</td></tr>
<tr><td>६</td><td>राङ्गवास मा.वि.</td><td>७८८६७.</td><td>८६३९६.</td><td>७५२९.००</td></tr>
<tr><td>७</td><td>घोर्ले मा.वि.</td><td>९३८१४.</td><td>१०८३५६.</td><td>१४५४२.००</td></tr>
<tr><td>८</td><td>जनविकास मा.वि.</td><td>१४३१९४.</td><td>१५४६५७.</td><td>११४६३.००</td></tr>
<tr><td>९</td><td>भाडागाउँ मा.वि.</td><td>९२८९०.</td><td>९८०६४.</td><td>५१७४.००</td></tr>
<tr><td>१०</td><td>त्रिभुवन मा.वि.</td><td>१३२५७३.</td><td>१४०४३८.</td><td>७८६५.००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२३२८७१.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>११४</td><td></td><td></td><td>
स्वीकृत कार्यक्रम वेगरखर्च - स्वीकृत कार्यक्रम वेगरखर्च ; स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई बजेट छलफल गरी आषाढ मसान्त भित्र सभाबाट पारित गराउनु पर्ने व्यवस्था रहेको छ। यस पालिकाका निम्न योजनाहरू प्रथम चरणमा उपरोक्त व्यवस्था अनुसार बजेट विनियोजन र स्वीकृत भई कार्यान्वयन गर्दा ठेक्का प्रक्रियामा घटाघटबाट रकम बचत भएको आधारमा पुन: दोश्रो चरणमा ठक्का पट्टा गरी रकम खर्च गरेको पाइयो। भौतिक र वित्तीय प्रगतिको विचमा निर्माण व्यसायीले बजेट विनियोजनमा प्रतिस्पर्धाको कारण कम लागत्तका काम सम्पन्न हुने अवस्था भई सोही वर्षको स्वीकृत कार्यक्रम भन्दा बाहिर सभाबाट पारित नभएकै अवस्था पनि योजनामा दोश्रो फेज भनी कार्य गराएकोले बजेट विनियोजन, पारित र खर्चको सिद्धान्त विपरित भएको खर्च नियन्त्रण गर्नुपर्दछ।
<table>
<tr><th>सि.न.</th><th>ठेक्का नं.</th><th>योजना/कार्यक्रमकोनाम</th><th>फर्मकोनाम</th><th>कवोलभ्याट समेत रु.</th><th>भुक्तानीरकम रु.</th><th>सम्झौतामिति</th></tr>
<tr><td>१.</td><td>ORM-NCB-GUL-W-०१-०७८/०७९</td><td>आदशर्चोकखाप्रापाटा सेतो गुँरास सडकपहिलो</td><td>डि.एन.डि.विल्डर्स प्रा.लि.</td><td>३५६३३४३.७४</td><td>१११०७५६</td><td>१७/०८/२०७८</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२.</td><td>ORM-SQ-GUL-W-२२-०७८/७९</td><td>आदशर्चोकखाप्रापाटा सेतो गुँरास सडक दोश्रो</td><td>डि.एन.डि.बिल्डर्स प्रा.लि.</td><td>८००९२४.८२</td><td>७७६६१२.७०४४</td><td>२०/१२/२०७८</td></tr>
<tr><td>३.</td><td>ORM-NCB-GUL-W-०७-०७८/०७९</td><td>उर्लेनीडाँडा श्यालटाकुरा डाँडा दमही सडक पहिलो</td><td>स्टारविन्दावासिनी कन्स्ट्रक्सनप्रा.लि.</td><td>२६३७५०२.१५</td><td>२३७१५८६.२३५</td><td>२०/०८/२०७८</td></tr>
<tr><td>४.</td><td>ORM-NCB-GUL-W-०६-०७८/०७९</td><td>काभ्रेसल्लेरी तोलङ्ग भाल्दी जावुने फेदी अर्घाखाँची सडक पहिलो</td><td>शुष्माकरिश्मा निर्माण सेवा प्रा.ली.</td><td>२९१६००७.२७</td><td>२८९५५९१.३७८</td><td>१४/०८/२०७८</td></tr>
<tr><td>५.</td><td>ORM-SQ-GUL-W-३९-०७८/७९</td><td>काभ्रेसल्लेरी तोलङ्ग भाल्दी जावुने फेदी अर्घाखाँची सडक दोश्रो</td><td>सिद्धबाबाकन्सट्रक्सन निर्माण सेवा</td><td>१६४६०६३.२२</td><td>१५५३७९०.६७५</td><td>१३/०२/२०७९</td></tr>
<tr><td>६.</td><td>ORM-NCB-GUL-W-११-०७८/७९</td><td>गौमुखेधारासानी पिपला तिन दो बाटो सडक पहिलो</td><td>रेसुङ्गारोज बिल्डर्स प्रा.लि.</td><td>३१०७१६२.९३</td><td>३१०५९५७.७३७</td><td>०५/०९/२०७८</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. | ORM-NCB-GUL-W-३४-०७८/७९ | गौमुखेधारासानीपिपला रुख तिनदोबाटो सडक दोश्रो | रेसुङ्गारोज विल्डर्स प्रा.लि. | १२२३७००.३९ | १२१९०७७.४१५ | २२/०१/२०७९ |
| ८. | ORM-NCB-GUL-W-१५-०७८/७९ | चित्रेकामोठबेहोरे लब्दी सडक पहिलो | नाइजलनिर्माण सेवा प्रा.लि. | २९४६५३१.२४ | २९३१३६८.३७ | ०४/१०/२०७८ |
| ९. | ORM-NCB-GUL-W-३८-०७८/७९ | चित्रेकामोठबेहोरे लब्दी सडक दोश्रो | नाइजलनिर्माण सेवा प्रा.लि. | १४२७९३१.५६ | १४०९७४४.१०७ | १०/०२/२०७९ |
| १०. | ORM-NCB-GUL-W-०२-०७८/०७९ | चेक्मीभुस्खाता गुरुङ्गगाउँ हर्राचौर सडक पहिलो | सुष्माएण्ड सृष्टि निर्माण सेवा प्रा.लि. | ३१६७६४५.६६ | १६६५४६०.२५ | २०/०८/२०७८ |
| ११. | ORM-NCB-GUL-W-१२-०७८/०७९ | दह रैयाअर्घाखाँची सडक र दह तङ्गनाम सडक पहिलो | नुतननिर्माण सेवा प्रा.लि. | ३११२३०९.२४ | ३१०६३०९.७७४ | ०६/०९/२०७८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२. | ORM-NCB-GUL-W-३५-०७८/७९ | दह रैयाअर्घाखाँची सडक र दह तङ्गनाम सडक दोस्रो | बि एण्ड डिनिर्माण सेवा | १४००८७८.४५ | १३९३९४३.४१९ | २३/०१/२०७९ |
| १३. | ORM-NCB-GUL-W-०८-०७८/७९ | दुविचौरसिरान घुम्टी दरवार सडक पहिलो | वेस्टर्नपपुलर कन्सट्रक्सन प्रा.लि. | २९८२६२७.३२ | १६३५३९७.०६ | २१/०८/२०७८ |
| १४. | ORM-SQ-GUL-W-२४-०७८/७९ | दुविचौरसिरान घुम्टी दरवार सडक दोश्रो | सेनकन्स्ट्रक्सन प्रा.लि. | ११६५३८७.५३ | ३१६९७४ | २०/१२/२०७८ |
| १५. | ORM-NCB-GUL-W-०३-०७८/०७९ | भेटेनरीलाइन सडक मर्मत पहिलो | रेसुङ्गादर्शन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ३५३५३२३.२३ | ३५३३५८८.६३३ | २०/०८/२०७८ |
| १६. | ORM-NCB-GUL-W-३६-०७८/७९ | भेटेनरीलाइन सडक मर्मत दोश्रो | बि एण्ड डिनिर्माण सेवा | ८९६६१४.९५ | ८९०९०१.९०८५ | २३/०१/२०७९ |
| १७. | ORM-NCB- | मालपोत चोकसुनारटोल | नाइजलनिर्माण सेवा प्रा.लि. | २७९१९५७.१ | १४५६१५८.१२ | २१/०८/२०७८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | GUL-W-०५-०७८/०७९ | बगालेखोला सोता देउराली सडक पहिलो | | | | |
| १८. | ORM-NCB-GUL-W-३०-०७८/७९ | मालपोत चोकसुनारटोल बगालेखोला सोता देउराली सडक दोश्रो | नुतननिर्माण सेवा प्रा.लि. | १६३६७०५.४४ | १६२८८१८.४१९ | ११/०१/२०७९ |
| १९. | ORM-NCB-GUL-W-०८-०७८/७९ | समग्र सडकनिर्माण पहिलो | व्यस्टर्नपपुलर नाइजोल जे.भि. | २४४१०३५.५५ | २४३०९१२.२५७ | १४/०८/२०७८ |
| २०. | ORM-NCB-GUL-W-२८-०७८/७९ | समग्र सडकनिर्माण दोश्रो | पुष्पाञ्जलीनिर्माण सेवा | १७२१५१२.१९ | १७०९८१७.७९ | १३/०१/२०७९ |
| २१. | ORM-NCB-GUL-W-१०-०७८/०७९ | समग्र सडकनिर्माण वडा नं. १ पहिलो | जोग्माविल्डर्स | ४३७४२४४.१९ | ४३७१०८२.२८४ | ०५/०९/२०७८ |
| २२. | ORM-SQ-GUL- | समग्र सडकनिर्माण दोश्रो | सेनकन्स्ट्रक्सन प्रा.लि. | ४२९६९८.२२ | ४१८७०७.०४६ | ०२/१२/२०७८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | \| \| W-२१-०७८/७९ \| \| \| \| \| \| | |
| ११५ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | |
| ११५.१ | | | स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा नहर निर्माण, सडक मर्मत, पर्खाल निर्माण, खेल मैदान निर्माण लगायतका ६० वटा कार्यक्रम सञ्चालन गरी १६५ जनालाई र औषतमा १०० दिन मात्र रोजगारी उपलब्ध गराई श्रमिक ज्यालामा रु.८७७७४५६.०० खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना भएको देखिंदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नु पर्नेमा सो वेगर वजेट खर्च भएको छ । वेरोजगार पहिचान तथा सोको सूचि तयार गरी कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगारी व्यक्तिहरुलाई पर्याप्त रोजगार सृजना गर्दै दिगो र उच्च प्रतिफल प्राप्त हुने योजनामा कार्यक्रम केन्द्रित हुनु पर्दछ । | |
| ११५.२ | | | प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानिय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानिय तहको वजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने कार्य स्थानिय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि वेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परीचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्वन्धमा सुधार हुनुपर्दछ । | |
| ११५.३ | | | निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि विषेष व्यवस्था गरेको, दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा रोजगारदाताले दुर्घटना विमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्वन्धित गाउँपालिका तथा नगर कार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्वन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको कम्तिमा एक पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्यवन गरेको नपाईएकोले तत्सम्वन्धमा सुधार हुनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>११६</td><td></td><td></td><td>पेश्की बाँकी - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४७(४) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेश्की फछ्र्यौट सम्बन्धि व्यवस्था रहेको छ । यस बर्ष पालिकाको खाता परीक्षण गर्दा फछ्र्यौट हुन बाँकि रकम रु.२४९२०००।- देखिन्छ । सो फछ्र्यौटको लागि पहल गर्नुपर्ने देखिन्छ ।
<table>
<tr><th>भौ.नं.</th><th>मिति</th><th>कार्यक्रम</th><th>पेश्की लिनेको नाम</th><th>म्याद ननाघेको पेश्की रकम</th></tr>
<tr><td>८१</td><td>२०७८/०९/३०</td><td>सडक स्तरोन्नती वडा नं२</td><td>डि एन डि विल्डर्स</td><td>७१२०००</td></tr>
<tr><td>३१४</td><td>२०७९/०२/२०</td><td>केन्द्र गौरवका आयोजना</td><td>नाइजल निर्माण सेवा प्रा.लि.</td><td>१८००००</td></tr>
<tr><td>२४</td><td>२०७९/०१/२०</td><td>सुरक्षित नागरिक आवास</td><td>लाभग्राहीहरु</td><td>१६०००००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२४९२०००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>११७</td><td></td><td></td><td>अनगमन तथा सम्परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा पालिकाले ऐनको उपरोक्त प्रावधान बमोजिम संपरीक्षणको लागि पेश गरेको छैन। गत विगत वर्षको बेरुजु फछ्र्यौट गरी सम्परीक्षण गराउनुपर्दछ।
<table>
<tr><th>गत वर्षसम्मको बेरुजू<br>(A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू<br>(B)</th><th>गत बर्षसम्मको बाँकी बेरुजू<br>(C=A-B)</th></tr>
<tr><td>२८०५८०००</td><td>०</td><td>२८०५८०००</td></tr>
</table></td><td></td></tr>
</table>